# अध्याय एक

# परिचय (Introduction)

## १.१ पृष्ठभुमि

शिक्षा सभ्य र विकसित मानव समाजको लागि एक अनिवार्य तत्व हो । शिक्षा कै कारण हामीले अहिले भोगीरहेको अथवा देखिरहेको अत्याधुनिक प्रविधि युक्त विश्व सम्भव भएको हो । जसले मानव जीवन यापनलाई ज्यादै सजिलो पारिरहेको छ । जहाँ सम्पुर्ण मानिसहरु शिक्षित छन् त्यस ठाउँलाई विकसित र जहाँ मानिसहरु अशिक्षित छन् त्यस ठाउँलाई अविकसित भनेर सिधै मुल्यांकन गरिन्छ । यसको मुख्य कारण शिक्षाले व्यक्ति, घर, समाज, गाउँ र राष्ट्रलाई प्रत्यक्ष रुपमा डोऱ्याएको हुन्छ । एक व्यक्ति शिक्षित भैसकेपछि मात्र घर, समाज, गाउँ र राष्ट्र शिक्षित हुन्छ । त्यसपछि विकासका बाटाहरु खुल्न सहज हुन्छ । यसै गरी आजको विश्व सन्दर्भमा हाम्रो देश नेपाललाई विकासोन्मुख तथा अल्पविकसित अझ भनौ अविकसित राष्ट्रको रुपमा चिनिन्छ । जसमा विभिन्न कारणहरु मध्ये शिक्षा पनि एक महत्वपूर्ण कारण हो । राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालको कुल जनसंख्या २,३१,५१,४२३ रहेको छ । जसमा ५०.५ प्रतिशत महिला र ४९.५ प्रतिशत पुरुषका रहेका छन । जनसंख्याको आधारमा हेर्दा आधा भन्दा बढी संख्यामा रहेका महिलाहरु शैक्षिक रुपमा भने पुरुषको तुलनामा न्युन देखिन्छन । हुनत तुलनात्मक रुपमा देश कै औसत साक्षरता दर ५४.१ प्रतिशत रहेको छ । जुन ज्यादै न्युन हो । जसमा पुरुष साक्षरता दर ६५.५ प्रतिशत रहेको छ भने महिला साक्षरता दर ४२.८ प्रतिशत मात्र रहेको छ । यस तथ्याङ्क अनुसार पुरुषको तुलनामा महिला साक्षरता दर २३ प्रतिशतले कम रहेको छ (केन्द्रिय तथ्याङ्क विभाग वि.स. २०५८) ।

जनसंख्याका हिसाबले अगाडी रहेका महिला शैक्षिक स्तरमा भने निकै पछाडि देखिएका छन । जसको कारणले देश विकासमा बाधा आएको कुरामा कुनै दुईमत छैन । एउटा शिक्षित प्राय : व्यक्तिमा निहित हुन्छ भने महिला शिक्षित भएका खण्डमा बढी मेहनत र परिश्रमका साथ लागी परेको देखिन्छ । धेरै जसो अध्ययनहरुले प्रस्तुत गरेको तथ्यहरुका आधारमा विभिन्न विकासोन्मुख देशका साथै नेपालमा पनि शिक्षित महिलाहरुले उनीहरुका अशिक्षित पुरुष सहकर्मीहरुको तुलनामा बढी श्रम शक्तिमा सहभागिता हुने, आफ्नो र आफ्नो

बच्चाहरुको स्वास्थ्य स्थितिको हेरचाह गर्नमा दक्ष रुपले तत्परता देखाउने गरेका छन् (Acharya 1997)।

त्यसैले देशको चौतर्फी विकासका लागि शिक्षामा महिला आउनु जरुरी छ । महिला शिक्षित नभएकाले सीप क्षमता मात्र नभई सम्रग परिवार, सार्वजनिक क्षेत्रमा सहभागिता, कानूनि हक, संवैधानिक हक तथा नीति निर्णय तहमा पुग्न असमर्थ भएका छन । मानवीय तथा समग्र राष्ट्रको विकासका लागि बौद्धिक क्षमता, ज्ञान सीपको आवश्यकता पर्छ । जुन ज्ञान-सीप बौद्धिक विकासका लागि शिक्षा अनिवार्य हो । समाज विकासमा पनि महिलाको ज्यादै महत्वपूर्ण हात रहेको हुन्छ । सारक्षरता महिलाहरुलाई सामुहिक कियाकलाप गर्न सहयोग गर्ने एउटा प्रभावकारी बाटो हो । यसले उनिहरुको दैनिक कियाकलापलाई व्यवस्थित गर्न र सभ्य पारिवारीक जीवन निमार्ण गर्न सहयोग गर्छ । विशेष गरी आर्थिक आवश्यकता पूरा गर्न धेरै मात्रामा सक्षम बनाउँछ (Pant 2000) । तर यो वास्तविकता सर्वविधितै छ की नेपाली समाजमा छोरालाई जति कै महत्व दिएर छोरी लाई पढाईदैन । छोरी अर्काको घर जाने जात हो, उसको शिक्षा हामीलाई काम लाग्दैन भन्ने सोच घर परिवारमा रहेको हुन्छ । जुन सोच शिक्षित परिवारमा समेत रहेको छ (उपाध्याय वि.स. २०६६)।

महिला साक्षरता वृद्धिका निम्ति सरकारी तथा गैरसरकारी दुवै क्षेत्रबाट विविध कार्यकमहरु संचालन गर्दै आईरहेका छन । तर पनि यी कार्यकमहरुले प्रभावकारी सफलता हासिल गर्न सकिरहेका छैनन् । शहरदेखि गाउँ गाउँ सम्म शिक्षाको अवसर प्रदान गर्ने लक्ष्य अनुरुप विविध खालका औपचारिक तथा अनौपचारिक शिक्षाको प्रचार–प्रसार गर्दै आइरहेको छ तर पनि लक्ष्य अनुसारको उपलब्धी देखिदैन् । यसको मूल कारण भनेको अझै पनि अभिभावकहरु छोरीको शिक्षा प्रति जागरुक नहुनु हो । हाम्रो सामाजिक परम्परा मुल्य मान्यता,संस्कार र अन्य विश्वासको कारणले गर्दा पनि महिला शिक्षा धेरै पछि परेको छ । जहाँ शिक्षाको अभाव हुन्छ त्यहाँ ज्ञान र चेतनाको अभाव हुन्छ जहाँ ज्ञान र चेतनाको अभाव हुन्छ त्यहाँ अधिकार र कर्तव्यको बोध हुदैन । अधिकार र कर्तव्य बोध नभई विकास संभव हुदैन् (उपाध्याय २०६६) ।

नेपालमा सामाजिक समावेशीकरण र राष्ट्र निमार्ण नामक संस्थाका लागी लिला अधिकारीले गरेको एक अध्ययनको निष्कर्षमा भनेकी छन की महिला विरुद्धका विभेदकारी व्यवहारको जडको रुपमा सामाजिक रितिरिवाज नै रहेका छन् । विशेषतः अभिभावक र श्रीमानले नै

महिलाहरुलाई घरायसी काममा मात्र बाध्नु, उनीहरुलाई शिक्षा प्रति निरुत्साहित गर्नु हो । जसको परिणाम स्वरुप महिलाहरुलाई सामाजिक र मनोवैज्ञानिक असर परेको हुन्छ । यसको बाबजुद पछिल्ला केहि दशकमा भने महिलाहरु प्रति हुने विभेद युक्त व्यवहारमा न्यून रुपमा कमि आइरहेको छ । तर यसको प्रगतिको स्तर शिक्षामा महिला सहभागिता बढाउन प्रयाप्त छैन (Adhikari 2008) । शिक्षा आजको आवश्यकता हो तापनि यसको प्राप्तीका लागी सामाजिक रुपमा खासै चासोका साथ ध्यान दिएको पाइन्न । विभिन्न संघ संस्था सरकारी स्तरबाट शैक्षिक स्तर सुधारका लागी कार्यक्रमहरु भएता पनि त्यसको कार्यान्वयन पक्ष प्रभावकारी नहुदा शैक्षिक समस्या समाधान हुन सकेका छैनन् ।

साक्षरता किन, कसका लागि कसरी र कस्तो भन्ने सवालमा साक्षरता कार्यक्रम दिने र लिने समुह बिच हुनुपर्ने आवश्यक समन्वयको अभावमा प्रौढ साक्षरता कार्यक्रम नेपालमा उपलबधि मुलक देखिएको छैन् । प्रौढ साक्षरता पछि हुने फाइदाका विषयमा शिक्षा दिने र लिने दुवै पक्ष अस्पष्ट भएर राम्रो सहभागिता नदेखिएको हो । नेपाल जस्तो विकासोन्मुख देशहरुमा यस्तो समस्या देखिएको छ । प्रौढ साक्षरता लिइसके पछि महिलाहरु अन्य विकास क्रियाकलापमा सहभागी हुन र आत्मविश्वासका साथ आपनो विचार राख्न सक्दैनन् । साक्षरता कार्यक्रममा एकपटक सहभागी भएर साक्षरमा गनिएका महिलाहरु त्यस्को व्यवहारिक प्रयोगको अभावमा केहि समयपछि फेरी निरक्षर कै रुपमा आउने गरेको देखिन्छ । महिला साक्षरता कार्यक्रमको कार्यात्मक अवधारणामा महिलाको क्षमता पहिचान गर्न सक्ने, विकास कार्यमा सहभागि क्षमता विकास गर्ने, पुर्नउत्पादनमा ध्यान पुचाउनुका साथै उत्पादन मुलक कार्यमा लाग्न सक्ने खालको हुनुपर्छ (Pant 2000) ।

## १.२ समस्याको कथन (Statement of the problem)

वर्तमान विश्वको परिर्वतित सर्न्दभमा विभिन्न पक्षमा आएको परिर्वतन सँगै शैक्षिक क्षेत्रमा आएको परिर्वतन र यसको महत्व बुझ्दै आएको पाईन्छ । नेपाली समाजमा भने सैद्धान्तिक रुपमा जस्तै व्यवहारिक रुपमा शैक्षिक प्रणालीमा अझै परिर्वतन आउन सकेको छैन । भौगोलिक र जातिय रुपमा विविधता युक्त नेपाली समाजमा केहि शहरी क्षेत्र र जातजातिमा बाहेक ग्रामिण समाजमा अझै परम्परावादी सोचबाट ग्रसित नै छ । ग्रामिण भेगमा पारिवारिक आर्थिक स्थितिले पुरुष भन्दा महिलालाई विद्यालय पठाउनको लागी अभिभावकको चाहना कम हुन्छ । आर्थिक स्थिति कमजोर भएका परिवारमा थोरै भएपनि

छोरालाई नै पढाउनु पर्छ । यदि छोरी विद्यालय गएको भएता पनि धेरै भने छोरालाई पढाउने चाहना भएको पाइयो । जहाँ छोरी खेतिपाती र घरभित्रको काम गर्नुपर्ने भएकोले धेरै शिक्षा जरुरी छैन भन्ने धारणा रहेको पाइन्छ (Acharya & Bennet 1981)।

हुनत प्राथमिक र माध्यमिक तहमा छात्रा संलग्नता वृद्धि हुने क्रम केही प्राप्तिको रुपमा लिन सकिएता पनि धेरै देशहरुमा अझै सम्म छात्राहरु विभिन्न परम्परागत विभेदको सामना गरिरहेका छन् । जस्तै सानो उमेरमा विवाह, गर्भावस्था, विद्यालय पहुँचको अभाव, अप्रयाप्त र लैङ्गिक विभेद युक्त शिक्षण र शैक्षिक सामग्रीका कारण अझै पनि विद्यालयहरुमा छात्रा संलग्नता कम छ । महिलाहरु गुणस्तरिय शिक्षा, विशेष गरी उच्च शिक्षा र विज्ञान र प्रविधि संग सम्बन्धित शिक्षा लिनको लागि निरन्तर बन्चित भएका छन् (Luitel 2008) । समाजमा महिलाहरुको नेतृत्व विकासको लागि बौद्धिक क्षमता, ज्ञान, अनुभव र सीपको आवश्यकता पर्दछ । शिक्षामा महिलाको उपस्थिति पुरुषको तुलनामा कम हुनु अथवा उनिहरुले कक्षा दोहोऱ्यानु र कक्षा बिचैमा छोड्नुमा उनिहरुको सामाजिक आर्थिक अवस्था, विद्यालयमा महिला शिक्षिकाको उपलब्धता, परिवारको शैक्षिक पृष्ठभुमि, सरकारको महिला सहभागिता बढाउन सहयोग गर्ने खालका कार्यक्रमहरुको कमि, सामाजिक चेतनाको कमि आदि हुन् (CERID 1994) ।

शिक्षा तथा अवसरको कमिले पनि महिलाहरु नीति निर्माण गर्ने र निर्णय गर्ने क्षेत्रमा पुग्न सकेका छैनन् । वास्तवमा न्यून शैक्षिक अवस्थाले महिलाहरुको सिप र क्षमतालाई सीमित पार्ने मात्र नभइ उनीहरुको स्वास्थ्यका साथै पारिवारिक स्वास्थ्य, सार्वजनिक क्षेत्रमा हुने उनीहरुको क्षमतापूर्ण सहभागिता, कानूनी हकको अभ्यास, संवैधानिक हक खोज्ने काममा समेत अवरोध ल्याउँछ (श्रेष्ठ २०६६ वि.स.) । महिलाका लागी विशेष खालका शैक्षिक र्कायक्रमहरु अगाडी आएका छन् । तर त्यस्तो खालका सुविधाहरु प्राप्त गर्ने पनि सिमित पहुच भएका महिलाहरु हुनु ठूलो समस्याको रुपमा देखिन्छ । पहुँच भएपनि उच्च शिक्षामा परिवारले चासो नदिनु र विवाहका लागी हतार गर्ने कु-परम्परा र लापरवाहीले महिला शिक्षामा असर पारेको छ ।

महिला साक्षरता वृद्धिका लागि संचालित 'नयाँ गोरेटो' साक्षरता पुस्तकमा तयार गरिएका चित्रहरुमा स्पष्ट लैङ्गिक विभेद देखिने प्रतिकात्मक संकेत राखिएका छन् । जहाँ महिला र पुरुषले गर्ने कामको भिन्नता परम्परागत नै छ । महिलाको काम घर भित्र र बच्चाको

वरीपरी र पुरुषको काम घर बाहिर र निर्णय तहमा देखाइएको छ । प्रौढ साक्षरतामा धेरै भाषागत समस्याका कारण नेपाली भाषा बोल्न र बुझ्न नसक्ने महिलाहरु त्यस कार्यक्रममा भाग लिन नचाहने देखिन्छ । प्रौढ साक्षरता संचालन हुने समय प्रतिकुलताका कारण कतिपय महिलाहरु सामाजिक/सांस्कृतिक कारणले सहभागी हुदैनन्, (Pant 2000) । वर्तमान समयमा शिक्षामा लैङ्गिक विभेद कम गरी समान पहुँच पुऱ्याउने उद्देश्य विभिन्न किसिमका शैक्षिक कार्यक्रम संचालन भएता पनि, युनेस्को 2003 का अनुसार विद्यालयका विभिन्न तहमा छात्रको तुलनामा छात्राको संलग्नता अनुपातलाई हेर्दा नवलपरासी जिल्लाका छात्राको उपस्थिति पूर्व प्राथमिक तहमा १०० जना छात्रमा ७०.५ जना छ भने प्राथमिक तहमा ८४ जना, निम्न माध्यमिक तहमा ७८.५ जना र माध्यमिक तहमा ७१.२ जना छात्राको उपस्थिति देखिन्छ । विद्यालयमा छात्रा विद्यार्थी संख्या वृद्धि गर्न महिला शिक्षिकाको उपस्थितिले ठूलो भुमिका खेलेको हुन्छ । तर नेपालमा पुरुष शिक्षकको तुलनामा महिला शिक्षिकाको अनुपात धेरै न्यून देखिन्छ । पूर्व प्राथमिक तहमा १०० जना पुरुष शिक्षकमा ६०.३ जना महिला शिक्षिका रहेका छन् भने प्राथमिक तहमा ३३.५ जना, निम्न माध्यमिक तहमा ८.२ जना र माध्यमिक तहमा ४.४ जना रहेका छन् । जुन ज्यादै न्यून संख्या हो । केन्द्रिय तथ्यांक विभागका अनुसार नवलपरासी जिल्लाको १५–२४ वर्ष समुहका पुरुष साक्षरता दर ८३ प्रतिशत र महिला साक्षरता दर ५८ प्रतिशत रहेको छ ।

यसरी विभिन्न कारणले गर्दा महिला साक्षरता न्यून भएका माथिका प्रसङ्ग जस्तै यस अध्ययन क्षेत्रमा पनि महिलाको वास्तविक शैक्षिक अवस्था के कस्तो छ । महिला शिक्षामा प्रभाव पार्ने विभिन्न तथ्यांकले देखाए जस्तै हुन की तुलनात्मक रुपमा फरक छन भन्ने उत्सुकताले यस क्षेत्रका महिलाको अध्ययन गरीएको छ । जसमा निम्न प्रश्नको उत्तर खोज्ने प्रयास यस शोध अध्ययनमा गरिएको छ ।

१. यस क्षेत्रका महिलाको शैक्षिक अवस्था कस्तो छ ?

२. पुरुष सरह महिलाहरु शैक्षिक गतिविधिमा संलग्न नहुनका कारण के हुन ?

३. महिला शिक्षामा पारिवारिक र आर्थिक तत्वले के कस्तो प्रभाव पार्दछ ?

४. महिला साक्षर र निरक्षर हुनुमा सामाजिक प्रभाव कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य (Objectives of the study)

यस अध्ययनको सामान्य उद्देश्य नवलपरासी जिल्लाको पंचनगर गा.वि.स.का महिलाहरुको शैक्षिक स्थितिका बारेमा जानकारी लिनु रहेको छ । यस अध्ययनका विशिष्ट उद्देश्यहरु निम्न छन् ।

१. महिलाहरुको शैक्षिक स्थितिको अध्ययन गर्नु ।

२. महिलाहरुको शैक्षिक अवस्थाका सामाजिक कारक तत्वहरु पत्ता लगाउनु ।

३. परिवारको आर्थिक स्थितिले महिलाको शिक्षामा पारेको प्रभावको अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व (Significance of the study)

वर्तमान विश्वमा समाजिक, सांस्कृतिक र राजनैतिक रुपमा परिर्वतन भएता पनि वास्तविक व्यवहारिक रुपमा सामाजिक विभेद अन्त्य भएको छैन् । देशको जनसंख्याको आधा हिस्सा भन्दा बढी महिला पुरुषवादी शोच चिन्तन र पितृसत्तामक संस्कारबाट पिडित छन् । मानवीय अस्तित्व र समाज विकासका लागी समान भुमिका भएका महिला सामाजिक विभेदका कारण पछाडि पारिएका छन् (Luitel 2008) । धेरै संख्यामा रहेका महिलाहरु समाज विकासका मेरुदण्ड हुन् । समाज र देश निमार्णमा उनिहरुको समान भुमिका र उत्तरदायित्व हून्छ । सम्पुर्ण विकास कियाकलापका केन्द्रविन्दु भनेका जनताहरु नै हुन्छन् । जसमा सबै विकास कियाकलामहरुमा पुरुषहरु कै मुख्य भुमिका र उत्तरदायित्व भएको देखिन्छ भने महिलाहरु त्यस्ता कार्यहरुमा अग्रसर देखिदैनन् । पुरुषहरु जस्तै महिलाहरु घर बाहिरको विकास निमार्ण कार्यमा संलग्न नहुनु नै विकास दीगो हुन नसकेको देख्न सकिन्छ । घर, समाज, विद्यालय र संघ संस्थाहरुमा लैङ्गिक विभेद हुनुहुदैन् । महिलाहरुलाई समाज सुधार र राष्ट्र विकासका लागी मुलप्रवाहमा ल्याउनु फाइदा जनक हुन्छ । जसका लागी पहिलो चरणमा महिलाहरुलाई शिक्षामा पहुँचको अवस्था सहज हुनुर्पछ । राष्ट्रिय नीति तथा कार्यकम र योजनाहरुमा महिलाहरु समावेश गर्ने व्यवस्था हुनुर्पछ ।

यस शोध अध्ययनले नवलपरासी जिल्ला, पंचनगर गा.वि.स. वार्ड नं. २ का महिलाहरुको वास्तविक अवस्था के कस्तो छ भन्ने कुरा जानकारी हुन्छ । यो अध्ययन महिला शिक्षाका सम्बन्धमा जानकारी लिन चाहने व्यक्ति र संस्थाका लागी उपयोगी हुनेछ । योजनाकार,

नीति निमार्णकर्ता, राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु र अन्य संस्थाहरुका लागी आफ्ना नीति, योजना र कार्यक्रम संचालन गर्न उपयोगी हुनेछ । त्यसैगरी लैङ्गिक अध्ययन गर्ने विद्यार्थीहरुको लागी पनि यसले सहयोग गर्नेछ । त्यसका साथै शैक्षिक अवस्था सँग सम्बन्धित अन्य धेरै पक्षहरु जसले प्रत्यक्ष प्रभाव पारेको हुन्छ जुन महिलाका क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुका लागि अध्ययनको तथ्य महत्वपुर्ण हुन सक्छ । यस अध्ययनले अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक आर्थिक अवस्थामा सुधार ल्याउनका लागी योजना नीति बनाउन सहयोग गर्नेछ ।

## १.५ अध्ययनको सीमा (Limitation of the study)

प्रत्येक अध्ययनका आफ्नै बाध्यताहरु हुन्छन् र यो अध्ययन मात्र अपवाद होइन त्यसैले यस अध्ययनका सिमाहरु तल उल्लेखित बुदाँहरुमा प्रस्तुत गरिएको छ ।

१. यो अध्ययन मात्र एउटा गा.वि.स.को सिमित क्षेत्रमा आधारित रहेर गरिएको छ ।

२. यो अध्ययन मात्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागी आंशिक आवश्यकता परिपूर्तिका लागी गरिएकोले समय र स्रोतको अभावले विस्तृत अध्ययन हुन नसक्ने

३.यस अध्ययनले सानो क्षेत्रका महिलाको मात्र विशेष अध्ययन गर्ने भएकाले सम्पूर्ण महिलाको प्रतिनिधित्व गर्न सक्दैन् ।

# अध्याय दुई

## सैद्धान्तिक अवधारण र सन्दर्भ साहित्यको पुनरावलोकन

## (Theoritical Concept and Literature Review)

यस अध्यायमा महिला शिक्षा सँग सम्बन्धित विभिन्न अध्ययन अनुसन्धानबाट तयार भएका प्रतिवेदनहरु, विभिन्न तथ्याकं, लेखरचना, अभिलेखहरु, संघ संस्थाका महिला शिक्षा र प्रभाव सम्बन्धि प्रकाशनहरुको समिक्षा गरिएको छ ।

### २.१ सैद्धान्तिक अवधारणा

महिलाहरुको विभिन्न पक्षहरुमा कुरा गर्न धेरै सिद्धान्त र वादहरुको जन्म भयो । वास्तवमा पुरुष दमन र शोषणको विरोध गर्दै महिलाले पनि पुरुष सरह अवसर उपभोग गर्न पाउनु पर्छ भनी देखा परेको आन्दोलन वा दर्शन नै महिलावाद हो (Ritzer 2000) । यिनै धेरै महिलावाद अथवा नारीवादहरु मध्ये सन् १९६० को दशकमा देखापरेको महिला आन्दोलनलाई अगाडि बढाउन सहयोग गर्ने उदारवादि नारिवाद हो । लैङ्गिक असमानता सिद्धान्तको मुख्य उदाहरण उदार नारिवाद हो । यसको मुख्य जोड युक्ति सङ्गत नैतिक संस्थाका लागी महिलाअरुले मानवीय क्षमतामा आधारित भएर पुरुषसँग समानताको दावी गर्नु पर्दछ भन्ने रहेको छ । यसका अनुसार लैङ्गिक विभेद पितृसत्ता र श्रम विभाजनको लिङ्गीय ढाँचाको परिणाम हो र लैङ्गिक समानताको लागी श्रमविभाजनलाई हस्तान्तरण गर्दै कानून, काम, परिवार, शिक्षा र संञ्चार जस्ता मुख्य संस्थाहरुलाई पुर्नसंरचना गर्नुपर्दछ । उदार नारीवादका अनुसार–'सबै महिला र पुरुषहरु समान तरिकाले सृष्टि भएका हुन र तिनिहरुलाई खास खालका अविभाज्य अधिकारहरु तिनिहरुका सृष्टिकर्ताले प्रदान गरेको छ । तिनिहरु केहि मध्ये स्वतन्त्रता, जीवन र समृद्धि हुन् (Ritzer 2000) ।

लैङ्गिक असमानताका तत्वहरु लैङ्गिकको सामाजिक रचना, लैङ्गिक श्रम विभाजन, र्सावजनिक र निजि क्षेत्रका मुल्य र व्यवहार र पितृसत्तात्मक विचारधारा रहेका छन् । महिलाहरुलाई निजि क्षेत्रको उत्तरदायित्व वहन गर्ने जिम्मेवारी प्रदान गरिन्छ भने पुरुषहरुलाई र्सावजनिक क्षेत्रको कामको पहुँचमा महत्व दिइन्छ । उदार महिलावादीहरु सार्वजनिक क्षेत्रको काममा वास्तविक सम्मान हुने र पैसा, शक्ति, स्तर, स्वतन्त्रता, प्रगतिका अवसरहरु र आत्मसन्तुष्टि

पनि हुने उल्लेख गर्दछन् । यसरी सम्मानपूर्ण सार्वजनिक पेशाहरुबाट महिलाहरुलाई अलग गरिएको लैङ्गिक असमानतका स्थिति सृजना भएको उदार नारीवादको तर्क छ । उदार नारीवादले महिला र पुरुष दुवैलाई आफ्नो जीवनशैली छनोट गर्ने अवसर हुनुपर्ने र यसलाई दुवैले स्विकार र सम्मान गर्नुपर्ने धारणा राखेको छ। व्यक्तिवाद, छनोट स्वतन्त्रता अवसरको स्वतन्त्रता आदि मुद्धाहरु उदार नारीवादीहरुले उठाएका छन् (Ritzer 2000)।

उदारवादी महिलावादका अनुसार हरेक मानवीय प्राणी बराबरी रुपमा बुद्धिमान हुन्छन् । यिनीहरुलाई समान अवसर दिएको खण्डमा महिलाले पनि पुरुष सरह समान उपलब्धी हासिल गर्दछन । असमानता मुलक र समाज कसैलाई पनि लाभदायी नहुने भएकाले सामाजिक संरचना, आर्थिक र राजनैतिक संरचना क्रमिक रुपमा परिर्वतन हुनुर्पछ । महिला र पुरुष बीचको असमानता मुलक श्रमविभाजनले महिलाहरु पीडित छन । धेरै जसो महिला असमानता र विभेदको प्रमुख कारण नै लैङ्गिक विभेद हो जसले सामाजिक संरचना र सामाजिक संस्थामा संकट ल्याएको छ । महिला पुरुष दुवैलाई समान अवसर दिएमा दुवै बराबर हुन्छन् भन्ने मान्यता राख्ने नारीवादीले सामाजिक समानताका लागि क्रान्तिको आवश्यकता भन्दापनि वर्तमान समाजलाई प्रजातान्त्रीक तरिकाबाट सुधार गर्नु र्पदछ भन्ने धारणा राख्छन् । वर्तमान समयमा देखिएको लैङ्गिक असमानताले महिलाका लागि प्रत्यक्ष प्रभाव पारेको छ । जसमा महिलाले कुनै हिचकिचाहटका साथ पुरुष सरह सबै ठाउँमा समान रुपमा सहभागि हुनुर्पछ । यसरी महिला उदारवादको प्रमुख उद्देश्य लैङ्गिक विभेदको अन्त्य गरी लैङ्गिक समानता ल्याउनु हो (Luitel 2008)।

महिलाहरुको शैक्षिक अवस्थाको महत्वका बारेमा लैङ्गिक दृष्टिकोण बाट अध्ययन गर्दा लैङ्गिक भेदभावको अन्त्यका लागि महिला शिक्षामा स्तर उन्नति गर्नु आवश्यक छ । महिलाहरुको वर्तमान र भविष्यको सुनिश्चितताका लागी शिक्षा आवश्यक छ । शिक्षामा महिलाको पहुँच नहुदा सम्म महिला सशक्तिकरण र समानता सम्भव छैन । जसका लागि आर्थिक स्थायित्व पनि उत्तिकै जरुरी छ । त्यसकारण लैङ्गिक समानता र शिक्षामा समान पहुँचका लागि सहभागिता मुलक शैक्षिक कार्यक्रम आवश्यक छ (Kerr 2004)।

एउटा नारि शिक्षित हुदा सम्रग समाज र परिवारको लागि प्रेरणादायी बनि राम्रो उत्पादन मुलक क्षेत्रमा लगानी गरी गरिबी निवारण गर्ने उल्लेख्य भूमिका खेलेको हुन्छ । एउटा शिक्षित महिला निरक्षर महिला भन्दा आफ्नो भविष्य, आफ्नो अधिकारको लागि सचेत हुने

आफ्ना केटाकेटीको भविष्यका लागि सचेत हुने भएकाले महिला साक्षरता हुनु अनिवार्य हुन्छ । समाजमा देखिएका व्यापक लैङ्गिक विभेदको अन्त्य गरी समानतामुलक समाज निमार्णका लागि महिला शिक्षाले महत्वपूर्ण भूमिका खेल्दछ, (Thapa 2006) ।

## २.२ महिला शिक्षासँग सम्बन्धित नीति तथा रणनीतिहरु

शिक्षा क्षेत्रमा देखिएको असमान महिला सहभागितालाई वृद्धि गर्न र विकासका क्षेत्रमा सक्षम महिला पहुँचका लागी महिलाहरुको शैक्षिक अवस्थामा सुधार गर्न विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय नीति तथा रणनीतिहरु बनाइएका छन् । जसमा डकार कार्ययोजना सबैका लागी शिक्षा २००० मा सन् २०१५ सम्ममा सबैका लागी गुणस्तरीय शिक्षा प्राप्तिका लागी १२ वटा प्रमुख रणनीतिहरु प्रस्ताव गरेको छ र ६ वटा प्रमुख लक्ष्यहरु तोकेको छ, जसमा लैङ्गिक विशेष लक्ष्यहरु निम्नानुसार छन १."सन् २०१५ सम्ममा सबै बालबालिकाहरु विशेष गरी बालिकाहरु, कठिन परिस्थितिमा परेका बालबालिकाहरुको एवं अल्पसंख्यक बालबालिकाहरुको लागी स्तरीय एवं विश्वव्यापी प्राथमिक शिक्षामा पहुँच बढाउने र सो पूरा गर्ने" २."सन् २०१५ सम्ममा प्रौढ साक्षरता तहमा ५० प्रतिशतले सुधार गर्ने खासगरी महिलाका निम्ति र सबै प्रौढहरुका लागी आधारभुत र निरन्तर शिक्षामा समता मुलक पहुँच पुऱ्याउने" । ३. "सन् २००५ सम्ममा प्राथमिक र माध्यमिक शिक्षामा रहेको लैङ्गिक असमानता हटाई सन् २०१५ सम्ममा स्तरीय आधारभुत शिक्षाको उपलब्धीमा छात्राको पूर्ण र समान पहुँच सुनिश्चित गर्न शिक्षामा लैङ्गिक समानता प्राप्त गर्ने" लक्ष्यहरु राखेको छ ( युनेस्को सन् २००९) ।

यसैगरी संयुत्त राष्ट्रसंघको सहस्राब्दी विकास लक्ष्य २००० ले शिक्षामा लैङ्गिक असमानता हटाउनको लागी सबै बालबालिकाहरुले प्राथमिक विद्यालयको पूर्ण शिक्षा प्राप्त गर्ने कुरा सुनिश्चित गर्ने र प्राथमिक र माध्यमिक शिक्षाबाट सके सम्म सन् २००१५ सम्म सबै तहबाट लैङ्गिक विभेद निर्मुल पार्ने लक्ष्यहरु अगाडी ल्याएको छ (युनेस्को २००९) ।

शिक्षामा विभेदका विरुद्ध युनेस्को महासन्धी १९६० मा शिक्षामा विभेद विश्वव्यापी मानव अधिकार घोषणापत्रमा प्रतिपादित गरिएको अधिकारहरुको हनन् हो । महासन्धी शिक्षा क्षेत्रमा अर्न्तराष्ट्रिय कानूनमा बन्धनकारी शक्ति प्राप्त गर्न पहिलो अर्न्तराष्ट्रिय उपकरण हो । यसको उद्देश्य शिक्षामा विभेदको निराकरण गर्न मात्र हैन् अवसरहरु र व्यवहारको समानतालाई प्रवर्द्धन गर्ने उपायहरु अपनाउनु पनि हो भनि उल्लेख गरिएको छ (युनेस्को २००९) ।

विश्वव्यापी रुपमा महिला विकासका अब्बल कार्यक्रमहरु ल्याइएता पनि नेपालमा त्यसले आशातित सफलता प्राप्त गरेको भने देखिदैन । सन् १९९५ मा भएको चौथो विश्व महिला सम्मेलन बेइजिङ्ग घोषणपत्रले पारित गरेका महिला चासोका १२ बुदाँहरु मध्ये महिलाको लागी शिक्षा र तालिम पनि एक हो । यो कार्ययोजनाका लागी मञ्च महिलाहरुको सशक्तिकरणका लागी एजेण्डा हो । यसले सार्वजनिक र व्यक्तिगत जीवनका सबै अगंहरुमा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक निर्णय प्रक्रियामा पूर्ण र बराबर हिस्साका माध्यमले महिलाहरुको सक्रिय सहभागिताका बाधाहरु हटाउन खोज्दछ (UN 1995)

नेपालको सर्न्दभमा विभिन्न समयमा बनेका महिला शिक्षा सम्बन्धि नीति तथा रणनीतिहरु :–नेपालको इतिहासमा छैठौं पञ्चवर्षिय योजना देखि मात्र विकासमा महिलाको सहभागीता अभिवृद्धि गर्ने नीति लिइएको देखिन्छ तर महिला शिक्षाको सवालमा आठौं पञ्चवर्षिय योजनामा मात्र प्राथमिक, माध्यमिक र प्रौढ शिक्षामा छात्रा तथा महिलाहरुको संलग्नता बढाउन विशेष कार्यक्रमहरु सञ्चालन गरिएका छन् । यस्ता कार्यक्रमहरुमा मुख्यतः छात्राहरुको भर्ना संख्या बढाउने, बीचैमा पढाई छाडी जाने प्रक्रियामा कम गर्ने, प्राथमिक विद्यालयहरुमा एक जना महिला शिक्षक अनिवार्य रुपमा नियुक्ति गर्ने र भविष्यमा क्रमशः माध्यमिक तहमा पनि अनिवार्य रुपले प्रत्येक विद्यालयमा महिला शिक्षक नियुक्ति गर्ने नीति अवलम्बन गरिएको देखिन्छ । त्यसैगरी नवौं पञ्चवर्षिय योजनामा महिला सशक्तीकरणका लागी महिलाहरुको शैक्षिक स्तरमा सुधार गर्नका लागी औपचारीक तथा अनौपचारिक शिक्षाको पहुँचमा अभिवृद्धि गर्न छात्रवृत्ति, महिला शिक्षक, प्राविधिक शिक्षामा विशेष सुविधाको व्यवस्था जस्ता नीति तथा कार्यक्रमहरु कायमै राखी यी कार्यक्रमहरुको विस्तार पहुँच तथा प्रोत्साहनमा जोड दिने नीति लिइएको छ (NPC 1997)

शिक्षा क्षेत्रमा लैङ्गिक मुल्यांकन नामक समिक्षात्मक प्रतिवेदनमा (MWCSW 2005) शिक्षामा छात्रा विद्यार्थीको पहुँचको अवस्थालाई गएको तीन दशक यता सरकारी प्राथमिक विद्यालयहरुको स्थापना बढदै जानु, विभिन्न सरकारी प्राथमिकताहरु जस्तो प्राथमिक शिक्षाको निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने जस्ता कार्यक्रमहरुका कारण प्राथमिक तहमा छात्र–छात्राको पहुँच बराबर रुपमा देखिन्छ भने करिब ९० प्रतिशत बालबालिका आधा घण्टाको समयमा प्राथमिक विद्यालय पुग्न सकेका छन् । यसलाई अझ सुधार गर्न आधारभुत र प्राथमिक शिक्षा परियोजना मार्फत यसलाई गुणस्तरिय र प्रभावकारी प्रणालीमा

आबद्ध गरिएको छ (DoE 2000)। जे भएपनि अझसम्म विश्वव्यापी प्राथमिक शिक्षा प्राप्त हुन भने सकेको छैन्।

विकासमा लैङ्गिक मुलप्रवाहीकरणका लागी शैक्षिक नीतिहरुले के कस्तो लैङ्गिक पहुँच हुन सक्छ भन्ने कुरा महत्व राख्ने हुनाले नेपालमा बनाइएका शैक्षिक नीतिहरुको समिक्षा गर्दा पूर्व प्राथमिक, प्राथमिक, निम्न माध्यमिक र माध्यमिक अथवा विद्यालय तहसम्म लैङ्गिक विभेद कम गर्दै छात्रा विद्यार्थी बढाउने कुरामा राम्रो नीतिहरु तर्जुमा गरिएको छ। त्यसबाट धेरै हदसम्म सफलता प्राप्त भएको छ तर उच्च शिक्षामा भने लैङ्गिक समानता कायम गर्ने खालका नीतिहरु छैनन् भएका नीतिहरु लैङ्गिक सवालमा तटस्थ रहेको देखिन्छ । जस्को कारणले उच्च शिक्षामा महिला र पुरुषको संलग्नताको अनुपातमा ठूलो अन्तर कायमै छ । त्यसैगरी विशेष शिक्षाका नीतिहरुमा पनि महिलाहरुका लागी कूनै स्पष्ट व्यवस्था नभएको देखिन्छ। अनौपचारिक शिक्षा भने महिलाहरुका लागी नै केन्द्रित गरिएको छ। यसले महिला साक्षरता वृद्धि गर्न महत्वपूर्ण भुमिका निर्वाह गरेको छ । महिला शिक्षाको लागी शिक्षामा छात्रा सहभागिता बढाउन कक्षा दोहोऱ्याउने र कक्षा बिचैमा छोड्ने दर कम गर्नका लागी छात्रवृत्तिको व्यवस्था, शिक्षामा महिला सहभागिता वृद्धि प्रर्वद्धनका लागी कम्तिमा एक प्राथमिक विद्यालयमा एक जना महिला शिक्षक नियुक्त गर्नुपर्ने र पिछडिएका जनजाती समुदायका छात्रा विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने जस्ता शिक्षामा लैङ्गिक पहुँचमा सहयोग पुऱ्याउने नीतिहरु छन् (MWCSW 2005) ।

नेपालको अन्तरिम संविधान २०६३ मा शिक्षा सम्बन्धी धारा(८) मा महिलावर्गको शिक्षा,स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने निति राज्यले अवलम्बन गर्नेछ भनि उल्लेख गरिएको छ। त्यसै गरी लैंङ्गिक तथा सामाजिक भेदभाव हटाउने कुरामा प्राथमिक विद्यालयमा महिला शिक्षकको संख्या वृद्धि गर्ने, बालिका, दलित तथा सुविधा विमुख बालबालिकाहरुको शिक्षाको प्रत्यक्ष खर्चका लागी सहायता प्रदान गर्ने, विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति तथा जिल्ला शिक्षा समितिमा महिला प्रतिनिधित्व वृद्धि गर्ने। शिक्षालाई प्रत्येक बालबालिकाको बाल अधिकार हो भन्ने तथ्यलाई हृदयंगम गरि सबैका लागि शिक्षा २००४ देखी २००९ ले प्राथमिक तहको भर्ना दर ८१ प्रतिशत वृद्धि गरि ९६ प्रतिशत पुर्‍याउने उद्देश्य राखेको छ (अधिकारी वि.स. २०६६)।

नेपालको एघारौं त्रिबर्षीय अन्तरीम योजना वि.स. २०६७-२०६९ मा महिला सम्बन्धि कार्य नीति यसरी उल्लेख गरिएको छ, शिक्षामा महिला, आदिवासी, जनजाती, मधेसी, दलित, अपाङ्ग आदिको सुनिश्चित गर्न राष्ट्रिय र स्थानिय तहमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ । जसमा १५ देखि २४ बर्ष उमेर समुहको साक्षरता दर ९० प्रतिशत पुग्ने अपेक्षा गरिएको छ । यसका लागि नेपाल सरकार र संयुक्त राष्ट्र जनसंख्या शिक्षा कार्यक्रम सन् २००३ देखी २००६ सम्म संचालन भएको थियो (शिक्षा मन्त्रालय वि.स. २०६७) ।

शिक्षा आयोगको प्रतिवेदन २०५९ ले लैङ्गिक सम्बद्ध विषयका सवालमा शैक्षिक क्षेत्रमा महिला सहभागिता बढाउनका निम्न व्यवस्था गरेको छ, शिक्षक नियुक्ति प्रणालि, शिक्षकको योग्यता र आवश्यक तालिम, महिला शिक्षक, निर्णय तहमा महिला प्रतिनिधित्व र महिला शिक्षकका लागी विदाको व्यवस्था आदि । वास्तवमा छात्रा र महिलाहरुको लागी औपचारीक र अनौपचारिक शिक्षामा लगानी गर्नु कुनैपनि देशको दीगो विकास र आर्थिक वृद्धि हासिल गर्ने एक महत्वपुर्ण कडि हो (Luitel 2008)।

यस शोध अध्ययन क्षेत्र नवलपरासी जिल्लामा महिला साक्षरता वृद्धि गर्नको लागी विभिन्न अनौपचारिक शिक्षा कार्यक्रम संचालन भएका छन् । साथै राष्ट्रिय साक्षरता कार्यक्रम जिल्लाका दुर्गम भेगमा संचालन भएका र साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम अर्न्तगत महिला शिक्षा द्धितिय उर्त्तिण महिलाहरुका लागी बचत तथा ऋण तालिम संचालन भएको र अन्य सिपमुलक तालिम, पशुपालन र खेतीपाती जस्ता आयमुलक सिप विकास तालिम संचालन गरिएको छ । त्यसका साथै न्यून आर्थिक अवस्था भएका बालिकाहरुलाई कक्षा छोडनबाट रोक्न छात्रवृत्तिको प्रदान व्यवस्था गरिएको छ (जि.शि.का. २०६७) ।

## २.३ पूर्व अध्ययनहरुको समिक्षा

महिला शिक्षाको अवस्था विश्वव्यापी रुपमा कमजोर देखिनुमा घरायसी विभेदमात्र नभएर घर बाहिर विद्यालयमा हुने विभिन्न खाले असमानताका कारण पनि महिला शिक्षा तुलनात्मक कम देखिएको छ, नेपाल मानव विकास प्रतिवेदन २००६ मा उल्लेख भए अनुसार सव–सहारा, बंगलादेश र युगाण्डामा गरिएको अध्ययनबाट विद्यालयमा छात्रा विद्यार्थीहरुका लागी छुट्टै गोप्य शौचालय र सरसफाई गर्ने ठाँउको अभावमा छात्रा विद्यार्थीहरुको बढ्दो उमेर सँगै विद्यालय छोड्ने दर वृद्धि भएको र त्यस समस्याको समाधानका लागी छुट्टै शौचालय र सरसफाईको व्यवस्था भैसकेपछी भने छात्रा विद्यार्थीको

कक्षा छोडने दरमा घट्दै गएको देखिन्छ (UNDP 2006) । त्यसैगरी सबैका लागी शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदन युनेस्को २००६ का अनुसार विश्वव्यापी रुपमा पुरुष भन्दा महिला कम साक्षर छन । १०० जना साक्षर प्रौढ पुरुष बराबर जम्मा ८८ प्रौढ महिला साक्षर छन् भने कम आय भएका देशमा यो संख्या अझ न्यून छ । उदाहरणका लागी बंङ्गलादेश र पाकिस्तानमा क्रमश प्रति १०० पुरुषमा ६२ र ५७ मात्र महिला साक्षर छन (UNESCO 2006)।

विश्वव्यापी विद्यालय पहुँचको अवस्थालाई हेर्दा विश्वमा विद्यालय बाहिर रहेका बालबालिकाहरु मध्ये ३८ प्रतिशत एसिया प्रशान्त क्षेत्रमा रहेका छन् । विश्वका ७ करोड २० लाख विद्यालय बाहिर रहेका बालबालिकाहरु मध्ये ५५ प्रतिशत बालिकाहरु छन् । दक्षिण र पश्चिम एशियाका विद्यालय बाहिर रहेका बालबालिकाहरु मध्ये ५९ प्रतिशत बालिकाहरु छन् । ७५ करोड ७० लाख निरक्षर प्रौढहरु मध्ये दुई तिहाई एशिया र प्रशान्त क्षेत्रमा बस्छन् । एशिया र प्रशान्त क्षेत्रका निरक्षर प्रौढहरु मध्ये दुई तिहाई महिला छन् । यि महिला निरक्षरताको दर प्रशान्त क्षेत्रमा ५५ प्रतिशत, दक्षिण र पश्चिम एशियामा ६३ प्रतिशत, मध्य एशियामा ६८ प्रतिशत छन् भने पूर्वि एशियामा यो दर ७१ प्रतिशत रहेको छ,। (युनेस्को २००९)

नेपालका महिलाहरुको शैक्षिक अवस्थालाई हेर्दा पुरुषहरुको तुलनामा ज्यादै कम रहेको छ । जनसंख्याका हिसाबले ५०.५ प्रतिशत रहेका महिलाहरु साक्षरता दरका हिसाबले जम्मा ४२.८ प्रतिशत मात्र साक्षर छन जहाँ पुरुष साक्षरता दर ६५.५ रहेको छ । यहाँ महिला साक्षरता दर पुरुषको तुलनामा २३ प्रतिशतले कम देखिन्छ । नेपालमा महिलाको साक्षरता दरलाई सन् १९७१ देखि २००१ सम्मको अवस्थालाई तुलनात्मक रुपमा तलको तालिकामा प्रस्तुत गरीएको छ ।

| जनगणना वर्ष(सन्) | पुरुष | महिला | **जम्मा** | भिन्नता |
|---|---|---|---|---|
| १९७१ | २३.५९ | ३.९१ | **१३.८९** | १९.६८ |
| १९८१ | ३३.९६ | १२.०६ | **२३.२६** | २१.९१ |
| १९९१ | ५४.१० | २४.७३ | **३९.३४** | २९.३७ |

स्रोत :- Acharya, 1994 A.D.

सन् २००१ को तथ्याङ्कमा पनि महिला साक्षरताको अन्तर पुरुषको भन्दा २२.६ प्रतिशतले कम छ । यहाँ महिला र पुरुष बिचको साक्षरता दरको अन्तराल ठूलो देखिन्छ । यसबाट

स्पष्ट हुन्छ कि महिला शिक्षालाई टेवा पुऱ्याउने खालका कार्यक्रमहरुको अभाव नै छ । मुख्य रुपमा चेतनाको अभावका कारण यो अवस्था आएको देखिन्छ । ग्रामिण क्षेत्रका र विपन्न वर्गका महिलाहरुमा उक्त किसिमको चेतनाको ज्यादै कमी छ । तसर्थ शिक्षा र चेतनाको अभावमा विशेष गरी ग्रामिण क्षेत्रमा महिला जागरणमा टेवा पुचाउने अगुवा र प्रेरकको भुमिका निर्वाह गर्ने महिलाहरुको प्रायः अभाव छ । महिलाहरुको वास्तविक स्थितिलाई सुधार्ने खालको शिक्षा प्रणाली छैन् । यो किताबी ज्ञानसंग बढी सम्बन्धित छ र व्यवहारिक सीप सिकाउने र महिलाहरुको समस्याको समाधान गर्ने शिक्षा प्रति कमै लक्षित छ । यसले गर्दा पनि कतिपय शिक्षित भएका महिलाहरु पनि स्वाबलम्बि, आत्मनिर्भर र उचो आत्मबल भएका भने हुन सकेका छैनन् (उपाध्याय, वि.स. २०६६) ।

नेपाल मानव विकास प्रतिवेदन २००४ अध्ययन अनुसार सन् १९८१ मा महिलाको साक्षरता १२ प्रतिशत थियो भने सन् २००१ मा यसमा वृद्धिभई ४३ प्रतिशत पुगेको छ । तर पुरुषको साक्षरता तथा शैक्षिक स्थितिका तुलनामा भने महिलाहरु अत्यन्त पछि परेका छन् । यर्थाथमा दुई दशकको बीचमा पुरुष र महिलाहरुको साक्षरता बीच विद्यमान दुरी २२ प्रतिशत नै कायम रहेको छ । १४ वर्ष मुनिका बालिकाहरु मात्रै सोही उमेर समुहका बालकसँग शिक्षा क्षेत्रमा अगाडि बढ्न सकेका देखिन्छ । छात्राहरुको उमेर वृद्धि सँगसँगै उनीहरुको विद्यालय भर्नादर कम हुदै जान्छ । त्यसैले माध्यमिक तथा उच्च शिक्षामा छात्रहरु अगाडी रहेका छन् । जिल्लागत आधारमा नेपालको मानव विकास सुचाङ्क सन् २००१ मा यस अध्ययन क्षेत्र नवलपरासी जिल्लाको प्रौढ साक्षरता ४६.९ प्रतिशत र शैक्षिक उपस्थिति सुचाङ्क ०.३७० रहेको छ।

नेपालको ग्रामिण शिक्षा र शहरी शिक्षा विचमा व्यापक भिन्नता छ । जसमा आज पनि ग्रामिण महिलालाई विद्यालयमा शहरको तुलनामा कमै मात्रामा पठाएको पाइन्छ । त्यसमा पनि परम्परागत मूल्यमान्यता संस्कारका कारण ग्रामिण महिला कम साक्षर देखिएका छन् । जसमा सन् २००६ मा नेपाल जनसाख्यिक स्वास्थ्य सर्वेक्षण अनुसार ग्रामिण क्षेत्रमा प्रत्येक २ जना महिला मध्ये १ जना विद्यालय नजाने र त्यसमा पनि १५ देखि ४९ वर्ष समुहका ५३ प्रतिशत महिला कहिले पनि विद्यालय गएका छैनन् भने जम्मा साक्षर दरमा पनि विभिन्न स्तरमा हेर्दा १२ प्रतिशत पूर्व प्राथमिक, ५ प्रतिशत प्राथमिक, २१ प्रतिशत नि.मा.वि. र १० प्रतिशतले मा.वि. उ.मा.वि. शिक्षा पूरा गरेको देखिन्छ । ग्रामिण महिलाको शिक्षाको तूलना

शहरी क्षेत्रमा भने २४ प्रतिशत मा.वि. र ६ प्रतिशत महिलाले उच्च शिक्षा हासिल गरेका छन् (MoH 2006) ।

आर्थिक पक्षले हरेक क्षेत्रमा प्रभाव पारे जस्तै शैक्षिक क्षेत्रमा पनि व्यापक प्रभाव पारेको हुन्छ । आर्थिक पक्षको विविधताले सामाजिक विषमता देखिए जस्तै शैक्षिक रुपमा पनि हुने र नहुने बीचको शिक्षामा भिन्नता देखिन्छ जसमा आर्थिक रुपमा सम्पन्न परिवारका छोरीले विपन्न परिवारका छोरीले भन्दा गुणस्तरिय उच्च शिक्षा लिएका छन । जुन परिवारमा आर्थिक स्तर सबल छ त्यो परिवारका महिलाले शिक्षामा राम्रो प्रगति गरेको देखिएको छ भने विपन्न परिवारका महिलाले आफ्नो अध्ययनलाई निरन्तरता दिन सकेको छैनन् । जसमा तुलनात्मक दृष्टिमा र्हेदा २६ प्रतिशत आर्थिक रुपमा सम्पन्न भएका महिलाले उच्च शिक्षा पुरा गरेका छन भने त्यसको तुलनामा १ प्रतिशत मात्र न्यून आय भएका महिलाले उच्च शिक्षा हासिल गरेको देखिन्छ । त्यसै गरी महिलाको तुलनामा पुरुष साक्षरता दर भने सबै वर्गमा बढि नै देखिन्छ । जसमा ५ जना पुरुष मध्ये १ जनाले कहिलै विद्यालय नगए पनि बाँकिले अध्ययनलाई निरन्तरता दिएको पाइन्छ (MoH 2006) ।


शिक्षा मानवीय आधारभूत तत्व भएकाले सबैले समान रुपमा शिक्षा पाउनु उसको अधिकार भएता पनि विभिन्न सामाजिक सांस्कृतिक मूल्यमान्यता र आर्थिक कारणले शैक्षिक रुपमा पनि व्यापक विभेद देखिन्छ (Luitel 2009) । महिला शिक्षामा देखिएका व्यापक विभेदलाई रातामाटा, झागाझुलि र पिपरा गरी तीन स्थानमा गरेको महिलाको आधारभूत अध्ययनले महिला शिक्षाको यर्थाथता प्रष्ट पारेको छ । जसमा एउटा गाउँको शैक्षिक स्थिति र्हेदा छात्र छात्राको विद्यालय भर्ना वृद्धिदर बढेको भएता पनि शिक्षाको गुणस्तरता र लगानिको रुपमा भने छोरीको पढाई भन्दा छोराको पढाइ खर्च वार्षिक रुपमा बढि देखिन्छ । जसमा वार्षिक रुपमा छोराको लागी  रु. ६९८१ र छोरीका लागी भने रु. १८८१ मात्र खर्च गरिन्छ । जसमा छोरी प्रतिको विभेद पूर्ण व्यवहारले प्रा.वि. स्तर देखि मा.वि. सम्मको विद्यालयको पढाइ छोरीले दिन प्रतिदिन छाडदै गएको पाइन्छ । तीन वटै गाउँको समग्र साक्षरतालाई र्हेदा ६५.१० प्रतिशत पुरुष र २९.३८ प्रतिशत मात्र महिला साक्षरता रहेको देखिन्छ । विभिन्न जातजाति मध्येमा पनि ब्राह्मण क्षेत्रि समुदायमा अन्यको तुलनामा पढनेको संख्या बढि भएता पनि प्रा.वि. बाट मा.वि. तह सम्म पुग्दा छोरीको पढाइ न्यून मात्रामा हुदै गएको पाइन्छ । यसरी छोरीको पढाइ छोडन्मा विभिन्न सामाजिक, सास्कृतिक कुसस्कार, आर्थिक

अभाव, घरायसी काम, कृषि कार्य र यातायातको असुविधाले गर्दा छोरी आफ्नो पढाइ निरन्तरता दिन नपाएर पढने अधिकारबाट बन्चित भएका छन (CEDA 1990)।

सम्रग समाज परिवारको समानुपातिक र दिगो विकासका लागी पहिला शिक्षा अनिवार्य मानिन्छ । तर नेपालको सन्दर्भमा भने शैक्षिक क्षेत्रका महिलाको साक्षरतादर पुरुषको तुलनामा न्यून रहेको पाईन्छ । जहाँ ५४ प्रतिशत भन्दा कम मात्रामा प्रा.वि. स्तरमा रहेका छात्रा मध्ये पनि ४० प्रतिशतले छाडी सकेका छन भने मा.वि तहमा ३० र उच्च शिक्षामा १५ प्रतिशत भन्दा कम मात्रामा अध्ययनरत रहेको पाईन्छ । यस्तो पढाईमा पनि साधारण पढाई बाहेक अन्य विज्ञान र प्रविधिको क्षेत्रमा भने न्यून मात्रा सहभागि रहेका छन । जसमा प्रा.वि स्तर सम्ममा छात्राको पढाई केहि मात्रामा बढी भर्ना दर रहेता पनि हाम्रो समाजको सानो उमेरमा विवाह गरि दिने चलनले गर्दा विवाह पश्चातको पढाइलाई निरन्तरता दिन भने पाएका छैनन् त्यसलैले लैङ्गिक विभेद पनि महिला शिक्षामा प्रभाव अर्को महत्वपूर्ण कारक तत्वका रुपमा रहेको छ (UNESCO 2006)।

घरमा पनि पुरुषले गर्ने काम र महिलाले गर्ने कामको विभेद दर्साउने परम्परागत मान्यताहरु पाठ्यपुस्तकमा यत्रतत्र भेटिन्छन् । यस तर्फ त्यति ध्यान गएको देखिदैन । नेपालमा धेरै महिलाहरु निरक्षर हुनुको कारण उनिहरुमा रहेको विकराल गरिबी पनि हो र उनिहरुमा गरिबी फस्टाउनुको मुख्य कारण लैङ्गिक असमानता हो । उक्त दुवै कारणले महिलाहरु समाजमा पछाडि परेको देखिन्छ । शिक्षित भएपनि महिलाहरु लैङ्गिक विभेदले विपन्न हुन सक्तछन् र सम्पन्न घरमा भएपनि लैङ्गिक भेदभावले गर्दा पिछडिएका हुन सक्छन् (उपाध्याय,वि.स. २०६६) ।

## २.४ अवधाराणात्मक खाँका (Conceptual framework)




महिला साक्षरता न्यून हुनमा विभिन्न किसिमका अवधारणत्मक तत्वले प्रभाव पारेको हुन्छ । जसमा महिलाहरुको शैक्षिक अवस्थालाई परिवारले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । त्यसैगरी महिलाहरुको शैक्षिक अवस्थालाई प्रभाव पार्ने आर्थिक तत्वहरुमा पेशा, आम्दानिको स्रोत तथा स्तर र सामाजिक तत्वहरुमा जातजाती, सामाजिक बन्देज साथै आमा बाबुको शिक्षाले पनि महिला शिक्षालाई निरन्तरता दिन र अगाडी बढाउने कुरामा ठूलो महत्व राख्छ । महिलाको उमेर, वैवाहिक स्थिति, बसोवास गरिरहेको स्थानमा रहेको शैक्षिक वातावरण र परिवारको किसिमले पनि महिलाको शिक्षामा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ । त्यसैगरी महिलाहरुको पहुँचमा रहेको सूचनाका साधन, सञ्चारको उपलब्धताको अवस्थाले पनि शिक्षाको स्थितिलाई निर्धारण गर्दछ ।

# अध्याय तीन

## अनुसन्धान पद्धति (Research Methodology)

### ३.१ अध्ययन क्षेत्रको परिचय (Selection of study area)

यस अधययनका लागि छनोट गरिएको क्षेत्र पंञ्चनगर गा.वि.स.-२ नवलपरासी जिल्ला हो । भौगोलिक र जातिय रुपमा विविधता युत्त यस जिल्लाका विभिन्न गा.वि.स. मध्ये यस शोध अध्ययनका लागी पञ्चनगर गा.वि.स. वार्ड नं.- २ छनोट गरिएको छ । जिल्ला सदरमुकाम देखि करिब ३५ कि.मी. टाढा रहेको यस गा.वि.स.मा २०५८ जनगणना अनुसार ८५७८ जनसंख्या रहेको छ । विभिन्न जात जाति भाषाभाषि रहेको यस अधययन क्षेत्रका ३६० घरधुरी मध्ये ५४ घरधुरीका महिलाको अध्ययन गरिएको छ । यस अध्ययनमा महिला शिक्षामा पारिवारिक , आर्थिक अवस्थाले के -कस्तो प्रभाव पारेका छ र वर्तमानमा कस्ता शैक्षिक गतिविधि रहेका छन भन्ने बारेका यसमा अध्ययन गरिएको छ । सबै क्षेत्रमा महत्व राख्ने शिक्षामा महिला सहभागितालाई अध्ययनको प्रमुख बिषय वस्तु बनाएको छ ।

### ३.२ अनुसन्धान ढाँचा (Research design)

यस अध्ययनको प्रमुख उद्देश्य महिलाहरुको शैक्षिक स्थितिको अध्ययन हो । अध्ययनका लागी आवश्यक तथ्यांक प्राथमिक र द्धितीय स्रोत बाट लिइएको छ । यस अध्ययनको लागी अन्वेषणात्मक एवम् वर्णनात्मक ढाँचा प्रयोग गरिएको छ । मुलत गुणात्मक तथ्याङ्कहरुमा आधारित रहि विवरणात्मक शैलिमा यो शोधपत्र प्रस्तुत गरिएको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र श्रोतहरु (Source of data)

कुनै पनि अध्ययन अनुसन्धानका लागि तथ्यांक संकलन गर्नु अत्यावश्य भए जस्तै यस अध्ययनका लागि पनि विभिन्न श्रोतद्धारा तथ्याांक संकलन गरिएको छ । यस अध्ययनका लागि गुणात्मक र संख्यात्मक तथ्यांक प्रयोग गरी तथ्य संकलन गरिएको छ । कुनै पनि अध्ययन अनुसन्धानका लागि सत्य तथ्यगत सुचनाको आवश्यकता पर्दछ जसमा यस्ता सहि र सत्य तथ्यांक प्राथमिक श्रोतबाट प्राप्त गर्न सकिन्छ । यस अध्ययनका लागि पनि त्यस क्षेत्रका महिलाको शैक्षिक अवस्था थाहा पाउनका लागि प्रत्यक्ष रुपमा उत्तरदाता भेटी

प्रश्नावलीद्धारा तथ्य संकलन गरिएको छ । जसमा प्राथमिक तथ्य संकलनका लागि घरधुरी सर्वेक्षण, अन्तर्वाता, वैयक्तिक अध्ययन आदिद्धारा तथ्याङ्क संकलन गरीएको छ ।

यसै गरी यस क्षेत्रका महिलाको शैक्षिक अवस्था अध्ययनका लागि आवश्यक तथ्य संकलनका लागि आश्वयक पर्ने तथ्य द्धितिय श्रोतको माध्यमद्धारा पनि संकलन गरिएको छ । यसमा द्धितिय तथ्य संकलन गर्ने क्रममा महिला साक्षरता सम्बनिधत विभिन्न प्रकाशित अप्रकाशित अध्ययन प्रतिवेदन, विभिन्न आयोग तथा संस्थाका प्रतिवेदन, जिल्ला शिक्षा कार्यलयको प्रतिवेदन तथा पुस्तकालयबाट प्राप्त विभिन्न शोध अध्ययनको विषयवस्तुको विश्लेषण जस्ता माध्यमबाट तथ्यांक संकलन गरिएको छ ।

## ३.४ अध्ययनको नमूना छनोट (Sampling selection of study)

यस अध्ययनको उद्देश्य प्राप्तिका लागी अध्ययन क्षेत्र पंचनगर गा.वि.स. वार्ड नं. २ का जम्मा ३६० घरधूरी मध्ये यस अध्ययनको लागी सम्भाव्य नमूना छनोट विधि अर्न्तगत रहेर सम्पुर्ण घरधुरीको सूचि तयार गरी गोला प्रथा विधिअनुसार जम्मा ५४ घरधूरीका महिला उत्तरदाता लिइएका छन । जुन जम्मा घरधुरीको १५ प्रतिशत हुन आउँछ । यस अध्ययनको लागि १५ देखि ५९ बर्ष सम्मका विवाहित महिलालाई उत्तरदाताको रुपमा छनोट गरिएको छ । प्रत्येक घरधुरीबाट एक एक जना महिला उत्तरदाता छनोट गरिएको छ जसमा एउटै घरमा सोहि उमेर समुहका एक भन्दा बढि महिला उत्तरदाता भएमा जसले उपर्युक्त समय दिन सक्छ र जसले सहभागिता हुन चाहान्छ त्यसलाई उपयुक्त समय मिलाएर प्रश्नावलि भरीएको छ ।

## ३.५ तथ्याङ्क संकलनका विधीहरु (Methods of data collection)

कुनै पनि विषयको अध्ययनका लागी सही र वास्तविक तथ्याङ्क हुनु आवश्यक हुन्छ । यस्ता तथ्याङ्क संकलनका लागी विभिन्न विधिको प्रयोग गरिन्छ । यस अध्ययनका लागी पनि निम्न विधिको प्रयोग गरी तथ्यांक संकलन गरिएको छ ।

### ३.५.१ अर्न्तवार्ता अनुसूचि (Interview schedule)

यस अध्ययनका कममा आवश्यक सामाग्री प्राप्त गर्नका लागी व्यक्तिगत रुपमा छनोटमा परेका महिलाहरुलाई भेटी अनर्तवार्ता लिइएको छ भने अर्न्तवार्ताका सोधिने प्रश्नहरु अर्ध

संरचित खालका रहेका छन् । जसमा अर्न्तवार्ताका लागि १५-५९ वर्ष सम्मका विवाहित महिलाहरु मध्ये पनि उत्तरदिन चाहने महिलालाई मात्र उत्तरदाताको रुपमा लिइ आवश्यक जानकारी लिइएको छ । उत्तरदाताबाट घरका अन्य सदस्यको विवरण पनि लिइएको छ । यस ५४ घरधुरीको नमुना अध्ययनबाट प्राप्त तथ्यले महिलाहरुको शैक्षिक अवस्था र परिवारको आर्थिक अवस्थाले महिलाहरुको शिक्षामा के-कस्तो प्रभाव पारेको छ भन्ने सम्भावित तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ व्यत्तिगत अध्ययन (Case study)

अध्ययन क्षेत्रका उत्तरदाता महिलाहरु मध्ये विवाहित महिलाले विवाह पुर्व नपढ्नुका कारणहरुका सम्बन्धमा पारिवावारीक स्थिति र सामाजिकीकरण सम्बन्धि अध्ययन र विवाह पश्चात पढाइ निरन्तरता नदिनुका बारेमा वैयक्तिक अध्ययनबाट गुणात्मक तथ्याङ्क संकलन गरिएको छ । यसरी व्यत्तिगत रुपमा थप जानकारी प्राप्त गर्नका लागि ५४ उत्तरदाता मध्येबाटै उद्देश्यपुर्ण तरिकाले तीन जना महिलाको व्यत्तिगत अध्ययन गरिएको छ । अनुसन्धानको आचरण अनुसार व्यत्तिगत अध्ययनका लागी छनौट गरिएका महिलाहरुको आफ्नो गोपनियता कायम राख्न उनीहरुको वास्तविक नामलाई काल्पनिक नाममा रुपान्तरण गरिएको छ

## ३.६ तथ्याङ्क व्याख्या र विश्लेषण (Data analysis)

अध्ययन अनुसन्धानको सफलताका लागि संकलन गरिएका तथ्याङ्कहरुको प्रभावकारी विश्लेषण र प्रस्तुतीकरण पनि आवश्यक पर्दछ । त्यसैले प्राप्त गुणात्मक र संख्यात्मक प्रकृतिका सुचनाहरुलाई आवश्यकता अनुसार विभिन्न प्रकृतिका आधारमा वर्गीकरण र तालिकीकरण गरी व्याख्या विश्लेषण  गरीएको छ । जसमा तथ्यांकको विश्लेषणका लागि कम्प्यूटर सफ्टवेयर का माध्यमबाट व्यवस्थित तथा वैज्ञानिक ढंगले विश्लेषण गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रका महिलाको सामाजिक र आर्थिक अवस्था

## Social and Economic Status of Women in Study Area

सामाजिक प्राणी मानवले समाज, परिवार, सामाजिक मुल्य मान्यता तथा सम्रग परिवेश अनुसार आफ्नो चरित्र निमार्ण गर्ने हुनाले उ प्रत्यक्ष र अप्रत्यक्ष रुपमा समाजद्धारा प्रभावित हुन्छ । सामाजिक संरचनाका विभिन्न तत्वले एक अर्कोमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा प्रभाव पार्ने भएकाले व्यक्तिको व्यक्तित्व निमार्ण गर्ने शैक्षिक प्रणाली पनि समाजिक परिवेश जातजाति, लिङ्ग, धर्म, भाषा संस्कार अनुसार प्रभावित भएको हुन्छ । यस शोध अध्ययनका लागि छनोट गरिएको पञ्चनगर गा.वि.स.–२ का ५४ घरधुरीका महिलाको शैक्षिक अवस्था अध्ययनको लागि पनि महिला शिक्षामा प्रभाव पार्ने विभिन्न तत्वहरुको पहिचानका लागि महिलाको पारिवारिक वातावरण ,विभिन्न धर्म, जातजाति, लिङ्ग, उमेर तथा परिवारको संरचनागत प्रकार्यलाई समावेश गरि तथ्यांक संकलन गरिएको छ ।

एउटा व्यक्तिलाई आफ्नो इच्छा चाहाना भन्दा पनि सामाजिक परिवेश र परिस्थितिले प्रभाव पार्ने भएकाले महिला शिक्षाको अवस्था पनि यसबाट अलग छैन भन्ने कुरा यस अध्ययन क्षेत्रका महिलाको सामाजिक वातावरणले शैक्षिक अवस्थामा पारेको प्रभावबाट प्रष्ट पारेको छ । समाज व्यक्तिको लागि मार्गदर्शक भएकाले समाजका कतिपय राम्रा र कतिपय नराम्रा संस्कारलाई मानिसले कतिपय देखेर, सुनेर त कतिपय चेतनाका कारण सिकिरहेका हुन्छ । जहाँ सामाजिक सचेतना भएका शिक्षित परिवारहरु रहेको टोलवस्ती र सामुहिक सचेतनाको कमि, अशिक्षित परिवार रहेको टोलबस्ती बिचमा आ-आफ्नो छोरा छोरीलाई लालनपालन गर्ने शिक्षादिक्षा दिने अर्थात सामाजिकिरण गराउने कुरामा विल्कुलै फरक रहेको यस शोध अध्ययनको क्रममा पाइयो ।

यस अध्ययनका क्रममा गरिएको व्यत्तिगत अध्ययनमा महिलाहरुको अर्न्तवाता उनिहरुको अभिव्यत्तिबाट अध्ययन क्षेत्रका महिलाको शैक्षिक अवस्था कमजोर हुनुमा पनि आर्थिक अवस्थाले प्रत्यक्ष प्रभाव पारेको पाइयो । आर्थिक रुपले सम्पन्न परिवारमा केहि मात्रामा भए पनि शिक्षित भएका र शिक्षा प्रतिको दृष्टिकोण पनि भिन्न पाइन्छ भने आर्थिक रुपमा

विपन्न परिवारमा भने कम मात्र महिला शिक्षालाई चासो दिइएको, शिक्षालाई केवल अक्षर चिन्ने माध्यमका रुपमा मात्र मान्ने जस्ता धारणाले पनि आर्थिक पक्षले शिक्षामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । यसै गरि शैक्षिक पक्षले पनि आर्थिक पक्षलाई केहि मात्रामा भए पनि प्रभाव पारेको हुन्छ । यस शोध अध्ययनका क्रममा के पनि देखियो भने शैक्षिक रुपमा सचेत व्यक्तिले आफ्नो व्यावसायिक क्रियाकलाप राम्रोसंग गरेर सुविधायुक्त जीवन शैली विताएका छन भने निरक्षर व्यक्तिले भने कृषि पेशा अपनाएर सामान्य जीवन विताएको पाइयो । यसरी यस अध्ययन क्षेत्रका महिलाको शैक्षिक अवस्था प्रत्यक्ष रुपमा आर्थिक पक्षसंग सम्बन्धित छ । जसमा आर्थिक रुपमा सम्पन्न परिवारका छोरा छोरी गुणस्तरीय राम्रो स्कुलमा पढ्ने साथै शिक्षा सबैका लागि समान हो भन्ने मान्यता राखेका हुन्छन भने त्यसको तुलनामा आर्थिक रुपमा विपन्न परिवारमा भने निन्न सचेतनाका साथै साधारण अवस्था पाइन्छ । यस अध्ययन क्षेत्रका महिलाको सामाजिक आर्थिक क्रियाकलाप के कस्तो छ भन्ने तथ्य तलका शिर्षकबाट पनि प्रष्ट पारेको छ ।

यसरी अध्ययनका क्रममा यस क्षेत्रका महिलाको वर्तमानको शैक्षिक अवस्था पुरुषको तुलनामा कम भएता पनि समग्रमा भने सामाजिक सचेतना र शैक्षिक सचेतनाको वृद्धिसंगै विस्तारै बढ्दै गएको छ । विस्तृत रुपमा यस क्षेत्रका महिलाको सामाजिक विशेषता र विभिन्न सामाजिक परिवेश अनुसार महिलाको शैक्षिक ,सामाजिक अवस्था कस्तो छ भन्ने कुरा तलका शिर्षकले प्रष्ट पारेको छ ।

## ४.१. लैङ्गिक विवरण

शोध अध्ययनका लागि छनोट भएको यस अध्ययन क्षेत्रका ५४ घरधुरिमा बसोबास गर्ने जम्मा जनसंख्या २४५ जना रहेका छन तुलनात्मक रुपमा महिलाको भन्दा पुरुषको संख्या बढि देखिने यस क्षेत्रको लैङ्गिक विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १**

**लिङ्गको आधारमा उत्तरदाताको पारिवारिका विवरण**

| क्र.स. | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | १२८ | ५२.२५ |
| २ | महिला | ११७ | ४७.७५ |
| जम्मा | | २४५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रका ५४ घरधुरीमा जम्मा २४५ जना जनसंख्या रहेका छन । जसमा पुरुष १२८ जना अर्थात ५२.२५ प्रतिशत र महिला ११७ जना अर्थात ४७.७५ प्रतिशत छन । यस तालिका अनुसार उत्तरदाताहरुको परिवारमा महिलाको भन्दा पुरुषहरुको संख्या बढि देखिएको छ ।

## ४.२. जात/जातिको विवरण

यस पंञ्चनगर गा.वि.स. मा विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दछन् । खासमा थारु जातिको बाहुल्यता रहेको यस गा.वि.स. मा अन्य बाह्रमण, क्षेत्रि, मगर, नेवार, गुरुङ्ग, सार्कि लगायत विभिन्न जातजाति रहेका छन् । जसमा लक्षित ५४ घरधुरी मध्ये निम्न जातजातिको विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. २**

**जात/जातिका आधारमा उत्तरदाताको विवरण**

| क्र.स. | जात/जातिका | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | १५ | २७.७७ |
| २ | बाह्रमण | १२ | २२ .२३ |
| ३ | नेवार | ८ | १४ .८१ |
| ४ | मगर | ५ | ९ .२५ |
| ५ | थारु | ५ | ९ .२५ |
| ६ | चमार | ३ | ५ .५५ |
| ७ | कामी | २ | ३ .७१ |
| ८ | सार्की | २ | ३ .७१ |
| ९ | गरुङ्ग | २ | ३ .७१ |
| जम्मा | जम्मा | ५४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाले ५४ घरधुरीका उत्तरदाता मध्ये सबै भन्दा बढी क्षेत्रीको जनसंख्या रहेको पाईन्छ । जसमा १५ जना अर्थात २७.७७ प्रतिशत महिला क्षेत्री र १२ जना अर्थात २२.२३ प्रतिशत महिला बाह्रमणको संख्या रहेको छ । त्यसै गरी नेवार, मगर, थारु, चमारको क्रमस ८ जना, ५ जना, ५ जना, ३ जना अर्थात १४.८१ प्रतिशत, ९.२५ प्रतिशत, ९.२५ प्रतिशत, ५.२५ प्रतिशत महिला रहेका छन् । भने सानो संख्यामा रहेका ठकुरी, कामी, सार्की, गरुङ्गको क्रमशः बराबर २/२ जना अर्थात ३.७१ प्रतिशत महिला उत्तरदाताको संख्या रहेको छ ।

## ४.३. धार्मिक अवस्था

थारु, क्षेत्री, बाह्रमणको बाहुल्यता रहेको यस अध्ययन क्षेत्रमा विशेष गरि बढी मात्रामा हिन्दु धर्म जनसंख्या पाईयो । उत्तरदाताबाट संकलन गरिएको तथ्यहरुको आधारमा यस क्षेत्रका मानिसहरु धर्म प्रति कट्टर नभई धार्मिक सहिष्णुताल ठूलो स्थान ओगटेको छ र साथै हिन्दू, बौद्ध र अन्य धर्म प्रतिको आस्था र श्रद्धा बराबर रहेको यस क्षेत्रमा निम्न धार्मिक आस्थाका मानिस बसोबास गर्दछन ।

**तालिका नं. ३**

**धार्मिक आस्थाका आधारमा उत्तरदाताको विवरण**

| क्र.स. | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दू | ४८ | ८८.८९ |
| २ | बौद्ध | ५ | ९.२६ |
| ३ | क्रिस्चियन | १ | १.८ |
| जम्मा | | ५४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथि देखाईएको तालिका अनुसार यस अध्ययन क्षेत्रमा सबै भन्दा बढी मात्रामा हिन्दु धर्म मान्ने ४८ जना अर्थात ८८.८९ प्रतिशत महिलाहरु छन् भने सबै भन्दा कम क्रिस्चियन धर्मावलम्बि १ जना अर्थात १.८ प्रतिशत महिला रहेका छन् र बौद्ध धर्म मान्ने ५ जना अर्थात ९.२६ प्रतिशत महिलाहरु रहेका छन् ।

## ४.४. उत्तरदाताको उमेरगत विवरण्

यस शोध अध्ययनका लागि छनौट गरिएको पंचनगर गा.वि.स. वार्ड नं. २ का ३६० घरधुरी मध्ये जम्मा ५४ वटा घरधुरीका उत्तरदातालाई छनोट गरिएको छ । जसमा समुहगत आधारमा विभाजन गर्दा निम्न अवस्थाका महिलाको उमेरगत विवरण देखिन्छ ।

### तालिका नं.४

### उमेरका आधारमा उत्तरदाताको विवरण

| क.स. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५-२० | - | - |
| २ | २१-२५ | ३ | ५.५५ |
| ३ | २६-३० | १४ | २५.९५ |
| ४ | ३१-३५ | ९ | १६ .६६ |
| ५ | ३६-४० | १५ | २७.७७ |
| ६ | ४१-४५ | ९ | १६ .६६ |
| ७ | ४६-५० | ४ | ७.४५ |
| जम्मा | | ५४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकामा देखाए अनुसार ५४ जना उत्तरदाताहरु मध्ये १५–२० बर्ष उमेर समुहका उत्तरदाता कोहि पनि भेटिएका छैनन् । सबै भन्दा बढी मात्रामा ३६-४० बर्ष उमेर समुहका महिला १५ जना अर्थात २७.७७ प्रतिशत छन् भने २६-३० बर्ष उमेर समुहका १४ जना अर्थात २५.९५ प्रतिशत महिला दोस्रो स्थानमा छन  र सबै भन्दा कम मात्रामा क्रमस २१-२५ बर्ष उमेर समुहका ३ जना अर्थात ५.५५ प्रतिशत रहेका छन ।

## ४.५ . परिवारको प्रकारका आधारमा शिक्षा

अध्ययन क्षेत्रका महिलाको सामाजिक अवस्थालाई एकल परिवार र संयुक्त परिवारमा विभाजन गरिएको छ । परिवारको आकारले पनि महिलाको निर्णय प्रक्रिया देखी सन्तानको शिक्षा दीक्षा के–कस्तो गर्ने विषयहरु र्निभर रहने हुदा अध्ययन क्षेत्रका परिवारको किसिमलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । जहाँ बढी मात्रामा एकल परिवारमा बस्न चाहने गरेको पाइयो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**

**परिवारको प्रकारको आधारमा उतरदाताको शैक्षिक अवस्था**

| क.स. | परिवारको प्रकार | शैक्षिक अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | स्नातक | जम्मा |
| १ | एकल परिवार | १६ | ६ | ५ | ५ | ५ | १ | १ | ३९ |
| २ | संयुक्त परिवार | २ | १ | ५ | २ | ३ | १ | १ | १५ |
| | जम्मा | १८ | ७ | १० | ७ | ८ | २ | २ | ५४ |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार शोध अध्ययनका क्रममा लिइएको ५४ घरधुरी मध्ये ३९ घरधुरी एकल परिवार र १५ घरधुरी संयुक्त परिवारमा रहेको पाइन्छ । यसबाट वर्तमान परिर्वतित समयमा बढदै गएको एकल परिवार प्रतिको आर्कषण यस अध्ययन क्षेत्रमा पनि पाइन्छ । यसै गरि शैक्षिक अवस्था अनुसार बढि मात्रामा रहेका एकल परिवारमा निराक्षरको तुलनामा साक्षर महिलाहरुको संख्या बढि रहेको छ भने संयुक्त परिवारमा निराक्षर भन्दा साक्षर उत्तरदाताको संख्या बढि मात्रामा रहेको पाइएको छ । एकल परिवारमा महिलाहरुको भूमिका घरमूलिको रुपमा केही मात्रामा भएपनि बढी पाईयो ।

## ४.६. विवाह गर्दाको उमेर

महिलाले कुन उमेरमा विवाह गरेको हो भन्ने तथ्यले पनि महिला शिक्षाको अवस्थामा प्रभाव पार्दछ । महिला शिक्षा निरन्तर हुन नसक्ने वा सक्ने कारणहरुमा विवाहको उमेर पनि प्रत्यक्ष अप्रत्यक्ष रुपमा असर पारेको हुन्छ । त्यसैले यहाँ अध्ययन क्षेत्रका महिलाले कुन उमेरमा विवाह गरे वा पारिवारिक शैक्षिक अवस्था कस्तो भएकोले विवाह कम उमेरमा वा उपयुक्त उमेरमा गर्दछन भन्ने सवाल महत्वपूर्ण रहन्छ । धेरै जसो महिलाले विवाह पश्चात आफ्नो अध्ययनलाई बिचैमा छोडेको पाईयो । यस अध्ययन क्षेत्रका महिलाले कुन उमेरमा विवाह गरे भन्ने तथ्यलाई तलको तालिकाले देखाएकोछ ।

तालिका नं. ६

उत्तरदाताको विवाह गर्दाको उमेरगत विरण

| क.स. | उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १०-१४ | ५ | ९.२६ |
| २ | १५-१९ | ३५ | ६४.८२ |
| ३ | २०-२४ | १४ | २५.९२ |
| ४ | २५ माथि | - | - |
| | जम्मा | ५४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकामा उल्लेख भए अनुसार ५४ उत्तरदाता मध्ये सबैले २५ वर्ष भन्दा तलको उमेरमा विवाह गरिसकेका छन जसमा सबै भन्दा कम १०-१४ बर्ष उमेर समुहमा विबाह गर्ने ५ जना अर्थात ९.२६ प्रतिशत महिला रहेका छन् जुन समय भनेको विबाहको लागि ज्यादै अनुपयुक्त उमेर हो । यसै गरी सबै भन्दा बढि मात्रामा १५-१९ बर्षको उमेर समुहमा विवाह गर्ने ३५ जना अर्थात ६४.८२ प्रतिशत महिला रहेका छन् भने २०-२४ बर्ष उमेर समुहमा विबाह गर्ने  जम्मा १४ जना अर्थात २५.९२ प्रतिशत महिला रहेका छन् । यसरी विवाह गर्ने उपयुक्त समय भन्दा पहिले नै विबाह गरेकाले विबाह पश्चात आफ्नो पढाईलाई निरन्तरता नदिएका महिला यस अध्ययन क्षेत्रमा धेरै पाइएका छन् ।

## ४.७. वैवाहिक अवस्था

सामाजिक मुल्यमान्यता र संस्कारको स्वीकृतिका आधारमा वैधानिक रुपमा पारिवारिक जीवनमा बाधिने प्रकिया विवाह हो । विवाह महिला र पुरुष बीचको स्वतन्त्रता कायम गर्ने वैधानिक प्रकिया पनि हो । विवाह त्यस्तो सर्वव्यापी घटना हो जसको माध्यमबाट केटा केटीसंगै बस्ने अनुमति पाउने र पारिवारिक जीवन सुरुवात गरीन्छ । यहि वैवाहिक जीवनले पनि महिलाको स्थान निर्धारण गर्ने भएकाले निम्न तालिकाद्धारा यस अध्ययन क्षेत्रका महिलाको वैवाहिक अवस्था के -कस्तो छ भन्ने बारेमा प्रष्ट पान खोजिएको छ ।

**तलिका नं.७**

**उत्तरदाताको हालको वैवाहिक स्थितिको विवरण**

| क.स. | वैवाहिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | ५० | ९२.५९ |
| २ | विधवा/एकल | ४ | ७.४१ |
| | जम्मा | ५४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकामा यस क्षेत्रका जम्मा ५४ उत्तरदाता महिला मध्ये ५० जना अर्थात ९२.५९ प्रतिशत महिला विवाहित छन् भने ४ जना अर्थात ७.४१ प्रतिशत महिला मात्र विधवा (एकल) छन् । वैबाहिक अवस्थाले पनि महिलाको सामाजिक अवस्था तथा शैक्षिक गतिविधि सम्बन्धि प्रभाव पार्दछ भन्ने कुरा यस क्षेत्रमा भेटिएका चार जना एकल महिला मध्ये १ जना संगको वैयक्तिक अध्ययनबाट पनि एकल महिलाको सामाजिक अवस्थालाई उजागर गरेको छ ।

***वैयक्तिक अध्ययन-१***

*शर्मिला श्रेष्ठ (नाम परिर्वतन) अहिले २९ वर्षकि छन । १४ बर्षको उमेरमा विवाह गरेकी शर्मिला का ३ जना छोरा छोरी छन । नि.मा.वि. सम्मको अध्ययनका क्रममा १५ वर्षको उमेरमा विवाह गरेकी उनि २२ वर्षको उमेरमा विधवा भएकी थिइन । प्रा.वि. सम्म पढेका श्रीमानको मृत्यु पश्चात सासू/ससुरासंगै बस्दै आएकी शर्मिला कमजोर पारिवारिक अवस्थाका कारण दैनिक जीवन धान्न ग्राहो भएको,उचित शिक्षा नभएका कारण कुनै काम नपाएको र सामाजिक कुसस्कारका कारण बाहिर एक्लै हिडडुल गर्न, सानोतिनो व्यापार गर्न असहज हुने कारण एक तर्फ कमजोर आर्थिक अवस्थाले र अर्को तर्फ समाजको एकल महिला प्रति हर्ने गलत दृष्टिकोणले चिन्तित भएको कुरा बताईन । आफ्नो सानै उमेरमा विवाह भएकाले पुरा पढ्न नपाएको र अझै पनि पढ्ने र केहि गर्ने सोच भएपनि विधवा भएकै कारण समाजमा अन्य महिलाको जस्तो स्वतत्र रुपमा शैक्षिक गतिविधि, सार्वजनिक क्रियाकलापमा सहभागि र आफ्नो व्यापार गर्न समेत असहज भएको बताइन । यसमा जति मात्रामा विवाहित महिला स्वतन्त्र रुपमा शैक्षिक गतिविधिमा संलग्न छन् र आफ्नो सन्तानलाई समेत उच्च शिक्षा दिएर राम्रो पार्न सक्दछन त्यति आफुले चाहेर पनि गर्न नसकेको तापनि आफ्नो जीवन जस्तो छोरा छोरीको जीवन नहोस भन्नकोलागि छोरा छोरीलाई राम्रो शिक्षा दिलाउने सोच राखेकि छन् ।*

यसरी सामाजिक क्रियाकलाप र शैक्षिक गतिविधिमा सामान्य महिलाको तुलनामा एउटा एकल महिलाको वास्तविक जीवन कस्तो हुन्छ भन्ने तथ्य यिनको जीवन भोगाई र चाहेर पनि शैक्षिक गतिविधि र सामाजिक क्रियाकलापमा भाग लिन पनि हिचकिचावट हुने भन्ने जस्ता कुराबाट के प्रष्ट हुन्छ भने महिला शिक्षामा सामाजिक गतिविधि र संस्कारले पनि प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

## ४.८ शैक्षिक अवस्थाका आधारमा जग्गाको स्वामित्व

यस अध्ययन क्षेत्रका उत्तरदाता महिलाको आर्थिक अवस्था के कस्तो छ भन्ने कुरा आर्थिक क्रियाकलापमा उनिहरुको संलग्नता र जग्गा माथि रहेको स्वामित्वले देखाउने भएकोले

आर्थिक स्रोत साधन माथि महिलाको के कस्तो पहुँच छ भन्ने बारे जान्न खोज्दा थोरै संख्यामा मात्र  महिला माथि जग्गाको स्वामित्व रहेको पाइएको छ । आर्थिक पक्षले शैक्षिक क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले महिलाको आर्थिक क्षेत्रमा पहुच हुनु भनेको अन्य क्षेत्रमा पनि सक्रियता रहनु हो । समग्रमा यस अध्ययन क्षेत्रका महिलाको जग्गामाथिको स्वामित्वको अवस्थालाई तलको तालिकाले देखाएको छ ।

**तालिका नं. ८**

**शैक्षिक अवस्थाका आधारमा जग्गाको स्वामित्व**

| क्र.स. | जग्गाको स्वामित्व | शैक्षिक अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | स्नातक | जम्मा |
| १ | छ | ७ | ६ | ३ | ३ | – | १ | – | २० |
| २ | छैन | ११ | १ | ७ | ४ | ८ | १ | २ | ३४ |
| | जम्मा | १८ | ७ | १० | ७ | ८ | २ | २ | ५४ |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाले अध्ययन क्षेत्रका ५४ उत्तरदाता मध्ये जम्मा २० जना महिलाको मात्र जग्गा माथि स्वामित्व छ । यस्ता जग्गाको स्वामित्व पनि एक आध एकल महिला बाहेक अन्य महिलाको भने सम्पुर्ण जग्गाको केहि अंश मात्र महिलाको नाममा छ भने अधिकांस महिलाको ३४ जना महिलामा भने कत्ति पनि जग्गा स्वामित्वमा छैन । यस माथिको तथ्यले पनि के देखाउछ भने महिलाहरु शैक्षिक रुपमा मात्र नभएर आर्थिक रुपमा पनि निम्न स्थानमा रहेका छन् । यसै गरि शैक्षिक रुपमा निराक्षर भन्दा साक्षर महिलारुको जग्गाका माथि स्वामित्व रहेको पाइन्छ । जसमा २० जना  जग्गाको स्वामित्व भएका उत्तरदाता मध्ये ७ जना निराक्षर छन भने १३ जना विभिन्न तहगत रुपमा साक्षर छन भने ३४ जना जग्गाको स्वामित्व भएका उत्तरदाता मध्ये ११ जना निराक्षर छन भने २३  जना विभिन्न तहगत रुपमा साक्षर छन ।

## ४.९ जातिय आधारमा उत्तरदाताको प्रमुख पेशा तथा व्यवसाय

पेशा र व्यवसायको संलग्नता र आम्दानिको स्रोतले मानिसको आर्थिक स्थितिको प्रतिनिधित्व गरेको हुन्छ । पेशा तथा व्यवसाय आम्दानिको मुख्य स्रोत हो । नेपालको अधिकांश जनसंख्या

कृषि पेशामा संलग्नता भए जस्तै यस अध्ययन क्षेत्रका महिलाहरुको पनि मुख्य पेशाको रुपमा कृषि नै रहेको पाइएको छ । कृषि बाहेक न्युन संख्यामा मात्र व्यापार, नोकरी र ज्याला मजदुरी जस्ता पेशाहरु अगालेको तलको तालिकाले प्रष्ट पारेको छ ।

**तालिका नं. ९**

**जातजातिगत आधारमा उत्तरदाताको मुख्य पेशागत विवरण**

| क.स. | जात/जाति | मुख्य पेशा | | | | |
|---|---|---|---|---|---|---|
| | | कृषि | व्यापार | नोकरी | ज्याला/मजदुरी | जम्मा |
| १ | क्षेत्री | १२ | १ | २ | – | १५ |
| २ | बाह्मण | ९ | ३ | – | – | १२ |
| ३ | नेवार | ४ | ३ | – | १ | ८ |
| ४ | मगर | ५ | – | – | | ५ |
| ५ | थारु | ४ | – | १ | | ५ |
| ६ | चमार | ३ | – | – | – | ३ |
| ७ | कामी | २ | – | – | – | २ |
| ८ | सार्की | २ | – | – | – | २ |
| ९ | गरुङ्ग | २ | – | – | – | २ |
| जम्मा | जम्मा | ४३ | ७ | ३ | १ | ५४ |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार यस अध्ययनमा जम्मा ५४ जना उत्तरदाताहरु मध्ये धेरै संख्यामा ४३ जना महिलाहरु कृषि पेशामा, ७ जना व्यापारमा रहेका छन भने नोकरी र ज्याला मजदुरीमा क्रमश ३ र १ जना महिलाहरु रहेको पाइएको छ । जसबाट यस अध्ययन क्षेत्रका महिलाहरुले मुख्य पेशाका रुपमा कृषि अगालि आर्थिक रुपमा प्रत्यक्ष परनिर्भर रहेको पाइन्छ । यसै गरी जातिगत आधारमा हेर्दा धेरै जसो जातिहरुले कृषि पेशा अगालेका छन भने जम्मा ८ जना नेवार जातिका उत्तरदाता मध्ये ३ जनाले व्यापार र १ जना ज्याला मजदुरीमा देखिएका छन ।

## ४.१० मासिक आम्दानीका आधारमा शैक्षिक अवस्था

सामाजिक संरचनाको प्रमुख आधार तत्व मानिने आर्थिक स्रोतले विभिन्न क्षेत्रमा प्रभाव पारे जस्तै शैक्षिक क्षेत्रमा पनि प्रत्यक्ष प्रभाव पारेको हुन्छ । जुन परिवारमा राम्रो आम्दानी हुन्छ उसले आफ्नो छोरा छोरीलाई निरन्तर र राम्रो स्कुलमा पढाएको पाइन्छ भने आर्थिक अवस्था कमजोर भएकाको भने शिक्षा प्रतिको धारणा पनि फरक रुपमा रहेको पाइन्छ । यस अध्ययन क्षेत्रका महिलाको पारिवारिक मासिक आम्दानीलाई हेर्दा निम्न रुपमा शैक्षिक अवस्था देखिन्छ

**तलिका नं. १०**

**उत्तरदाताको परिवारको आम्दानी र शैक्षिक विवरण**

| क्र.स. | मासिक आम्दानी | साक्षर | निरक्षर | जम्मा |
|---|---|---|---|---|
| १ | ५००-१००० | १ | ३ | ४ |
| २ | १०००-२००० | २ | २ | ४ |
| ३ | २०००-४००० | ५ | ३ | ८ |
| ४ | ४०००-६००० | ५ | १ | ६ |
| ५ | ६०००- भन्दा माथि | २३ | ९ | ३२ |
| | जम्मा घर संख्या | ३६ | १८ | ५४ |

स्रोत: स्थलगत सर्वेक्षण २०६७

महेन्द्र राजमार्गले छोएको भित्रि मदेशको यस क्षेत्रमा आर्थिक रुपमा त्यति साह्रै नाजुक अवस्था भने कमै देखिन्छ । यस तालिकामा उत्तरदाताका परिवारको मासिक आम्दानि कृषि बाहेक अन्य आम्दानिलाई लिएको छ । कृषि पेशामा संलग्न यस क्षेत्रमा प्रयाप्त उब्जनिका कारण दैनिक उपभोग्य वस्तुको पनि अभाव कमै मात्रामा पाइएको छ । माथिको तालिका देखाए अनुसार पनि जम्मा ५४ घरधुरी मध्ये ३२ घरपरिवारको मासिक आम्दानी ६००० हजार भन्दा माथि रहेको छ जहाँ साक्षरताको स्थिति अन्य कम आय स्तर भएका परिवार भन्दा कमजोर शैक्षिक अवस्था देखिएको छ ।

## ४.११ जातिगत आधारमा घरायसी आय व्ययमा निर्णय

आर्थिक क्रियाकलापले पनि महिलाहरुको निर्णय प्रक्रियामा प्रत्यक्ष प्रभाव पार्दछ । निर्णय प्रक्रियामा महिलाको सहभागिताले पनि महिला शसक्तिकरण हुने गर्दछन । यस अध्ययन क्षेत्रका महिलाको पारिवारिक क्रियाकलाप र विशेष गरी घरायसी आय व्ययमा निर्णाय शक्ति कस्तो छ भनि बुझ्न खोज्दा एकल/विधवा महिला र केहि एकल परिवार बाहेक अन्यमा भने

प्रायः महिलाको कम मात्रामा आर्थिक क्रियाकलापमा प्रत्यक्ष सहभागिता रहेको छ भन्ने तथ्यलाई तलको तालिकाले देखाएको छ ।

**तालिका नं. ११**

**जातजातिगत आधारमा घरायसी आय व्ययमा उत्तरदाताको निर्णय**

| क.स. | जात/जाति | निर्णायक व्यक्ति | | | | |
|---|---|---|---|---|---|---|
| | | सासू/ससुरा | श्रीमान | आफै | दुबै | जम्मा |
| १ | क्षेत्री | २ | ८ | २ | ३ | १५ |
| २ | बाह्रमण | – | ७ | ४ | १ | १२ |
| ३ | नेवार | १ | ४ | १ | २ | ८ |
| ४ | मगर | १ | ३ | १ | – | ५ |
| ५ | थारु | २ | २ | १ | – | ५ |
| ६ | चमार | – | ३ | – | – | ३ |
| ७ | कामी | २ | – | – | – | २ |
| ८ | सार्की | १ | – | – | १ | २ |
| ९ | गरुङ्ग | – | २ | – | – | २ |
| जम्मा | जम्मा | ९ | २९ | ९ | ७ | ५४ |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाले घरायसी निर्णय प्रक्रियामा एक आध एकल महिला र एकल शिक्षित परिवार भएको खण्डमा मात्र श्रीमतिको भूमिका हुन्छ भने अन्य परिवारमा न्यून रहेको हुन्छ देखिन्छ । यस अध्ययनको लागि ५४ घरधुरीमा २९ घरपरिवारमा पुरुष/श्रीमानको निर्णायक भुमिका छ भने सासू/ससुराले ९ घरपरिवारमा घरायसी कार्यमा निर्णायक भुमिका खेलेको छ त केहि एक आध शिक्षित परिवार र एकल महिला भएको ९ परिवारमा मात्र श्रीमति आफैले निर्णय लिएको पाइएको छ भने ७ घरपरिवारमा मात्र श्रीमान श्रीमति दुबैले घरायसी कार्यमा सामुहिक रुपमा निर्णय गरेको पाइयो । यसैगरी जातिय आधारमा पनि उत्तरदाताको घरायसी आयव्ययमा श्रीमानको नै नियार्णक भुमिका देखिएको छ । यसैगरी नेवार, मगर, थारु जातीमा पनि र सासु/ससूराको भुमिका मुख्य देखिन्छ भने चमार, कामि र गुरुङ्ग जातिमा श्रीमतीको कुनै भुमिका देखिएको छैन् ।

# अध्याय पाँच

## महिलाहरुको शैक्षिक अवस्था

## Educational Status of Women

मानविय जीवनका विभिन्न किसिमका आवश्यक तत्वहरु मध्ये शिक्षा पनि एक प्रमुख हो । यसले सम्रग सामाजिक संरचना तथा मानवीय जीवनमा अत्यन्तै महत्वपूर्ण भुमिका निवार्ह गरेको हन्छ । आजको विज्ञान र प्रविधिको समयमा त शिक्षा विनाको मानिसको जीवन अपुरो मानिन्छ । शिक्षाले नै व्यक्तिको व्यक्तित्व र क्षमताको वृद्धि गर्ने भएकाले आज विभिन्न समयमा देशमा संचालित विभिन्न शैक्षिक विकास योजनाहरुको प्रमुख लक्ष्य नै त्यहाँको जनताको शैक्षिक स्तर वृद्धि गर्नु रहेको छ । आजको परिवर्तित समयमा समाजको सकारात्मक दिशा तर्फ र दिगो विकास अनिवार्य छ जुन सामाजिक रुपान्तरण र दिगो विकासको लागी मानविय सचेतना वृद्धि गर्नु जरुरी हुन्छ जसको सम्भव सम्पूर्ण नागरिकको शैक्षिक स्तरमा हुने वृद्धिबाट मात्र हुन्छ ।

शिक्षा विनाको मानव विकास र मानव विकास विनाको दिगो विकास असम्भव हुने भएकाले वास्तविक रुपमा सामाजिक रुपान्तरण र दिगो विकासका लागी महिला पुरुष बिचको समानतामा आधारित शिक्षाको विकास अनिवार्य छ । यस अर्थमा शिक्षा नागरिक र विकास बिचको माध्यम पनि हो । नेपालको सन्दर्भमा त ५० प्रतिशत भन्दा बढि जनसंख्या रहेको महिला शिक्षा सामाजिक रुपान्तरण र दिगो विकासका लागि अनिवार्य हुन्छ । यस शोध अध्ययन क्षेत्र पंचनगर वार्ड नं. २ मा वर्तमान समयको परिर्वतन संगै शैक्षिक क्षेत्रमा केहि परिर्वतन आएता पनि अझै परम्परागत मूल्य मान्यता शैक्षिक रुपमा पनि लैङ्गिक विभेदका कारण विभिन्न समयमा विभिन्न शैक्षिक गतिविधि संचालन भएका भएता पनि अझै यस क्षेत्रको वर्तमान शैक्षिक अवस्था निम्न बमोजिम देखिएको छ ।

### ५.१ महिला पुरुष बीचको शैक्षिक अवस्था

यस अध्ययन क्षेत्रका सम्रग महिला र पुरुषको शैक्षिक अवस्था कस्तो छ भनी तुलनात्मक अध्ययन गर्दा सम्रग जनसंख्या मध्ये ५ वर्ष माथि उमेर भएका महिला र पुरुष बीचमा

शैक्षिक अवस्थालाई यहाँ देखाएको छ । जसमा महिला र पुरुष बीचको शैक्षिक स्थितिलाई तलको तालिकामा देखाएको छ ।

**तालिका नं. १२**

**महिला पुरुष बीचको शैक्षिक अवस्थाको तुलनात्मक विवरण**

| क्र.स. | शैक्षिक अवस्था | महिला | | पुरुष | |
|---|---|---|---|---|---|
| | | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| १ | निरक्षर | ३० | २६.७८ | ७ | ५.९८ |
| २ | साक्षर/अनौपचारिक शिक्षा | ८ | ७.१४ | १० | ८.५४ |
| ३ | प्रा.वि. | २५ | २२.३२ | ३४ | २९.६ |
| ४ | नि.मा.वि. | १८ | १६.७ | २१ | १७.९६ |
| ५ | मा.वि. | १७ | १५.१७ | ३० | २५.६६ |
| ६ | उच्च शिक्षा | ११ | ९.८२ | ९ | ७.६ |
| ७ | स्नातक वा माथि | ३ | २.६७ | ६ | ५.१३ |
| | जम्मा | ११२ | १०० | ११७ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाबाट यस पंञ्चनगर गा.वि.स.-२ का छनोटमा परेका सम्पूर्ण घरपरिवारको ११२ जना महिला र ११७ जना पुरुष बीचको शैक्षिक अवस्थाको तुलनात्मक अध्ययन गर्दा सवै भन्दा बढि मात्रामा ३० जना अर्थात २६.७८ प्रतिशत महिलाहरु निरक्षर पाइएका छन भने ७ जना अर्थात ५.९८ प्रतिशत मात्रा पुरुष निरक्षर छन । त्यसै गरी साधारण लेख पढ तथा अनौपचारिक शिक्षा सम्म लिएका महिलाहरु ८ जना अर्थात ७.१४ प्रतिशत छन भने पुरुषहरु १० जना अर्थात ८.५ प्रतिशत छन । यसै गरी प्रा.वि, नि.मा.वि. र मा.वि. सम्म अध्ययन गरेका क्रमश २५ जना, १८ जना र १७ जना अर्थात क्रमश २२.३२ प्रतिशत, १६.७ प्रतिशत र १५.१७ प्रतिशत महिलाहरु छन भने त्यसको तुलनामा क्रमश प्रा.वि.मा ३४ जना, नि.मा.वि.मा २१ जना र मा.वि. सम्ममा ३० जना अर्थात क्रमश २९.६ प्रतिशत, १७.९६ प्रतिशत र २५.६६ प्रतिशत पुरुषहरु छन । यसै गरी उच्च शिक्षा सम्ममा शिक्षा लिएका ११ जना अर्थात ९.८२ प्रतिशत महिलाहरु र ९ जना अर्थात ७.६६ प्रतिशत पुरुषहरु छन । भने स्नातक वा माथि सम्म अध्ययन गरेका ३ जना अर्थात २.६७ प्रतिशत महिला र ६ जना अर्थात ५.१३ प्रतिशत पुरुषहरु छन ।

यसरी माथिको तालिकामा यस  अध्ययन क्षेत्रको तुलनात्मक शैक्षिक अवस्थालाई हेर्दा महिलाको शैक्षिक अवस्था भन्दा पुरुषको शैक्षिक अवस्था बढी साक्षरता दर बढी देखिन्छ । जसमा  विवाह पुर्व महिलाहरु अध्ययनरत देखिएका छन भने विवाह पश्चात क्रमशः विद्यालय छोड्को देखिन्छ ।

## ५.२ साक्षरताको प्रमुख श्रोत

विद्यालयमा गएर औपचारिक कक्षा लिएर लिइएको शिक्षा औपचारिक शिक्षा हो भने विद्यालय नगइ परिवार, प्रौढकक्षा, साथीहरु आदि जस्ता अनौपचारिक माध्यमबाट लिइएको शिक्षा अनौपचारिक हो । यस अध्ययन क्षेत्रका महिलाहरुको साक्षरताको प्रमुख श्रोतका रुपमा औपचारिक र अनौपचारिक दूई किसिमको देखिएको छ । शिक्षा आर्जन गर्ने विभिन्न माध्यम हुन्छन जसमा आजको समयमा त खुला विद्यालय, दुरशिक्षा, औपचारिक तथा अनापैचारिक जस्ता विभिन्न माध्यमद्धारा शिक्षा प्राप्त गरेका हुन्छन । जम्मा उत्तरदाता मध्ये १८ जना निरक्षर छन भने बाँकि ३६ जना उत्तरदाता निम्न माध्यमद्धारा साक्षर भएका छन ।

**तालिका नं.  १३**

**उत्तरदाताको साक्षरताको श्रोत विवरण**

| क्र.स. | श्रोतका प्रकारहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | औपचारिक | २९ | ८०.५५ |
| २ | अनौपचारिक | ७ | १९.४५ |
|  | जम्मा | ३६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

शहरी वातावरणले छोएको यस गा.वि.स.मा आफ्नो प्रारम्भिक शिक्षालाई निरन्तरता दिन नसके पनि ५४ जना महिला मध्ये ३६ जना साक्षर छन जसमा यसतो साक्षरताको ठूलने मात्रामा २९ जना अर्थात ८०.५५ प्रतिशत महिलाहरु औपचारिक माध्यमद्धारा र ७ जना अर्थात १९.४५ प्रतिशत मात्र अनौपचारिक माध्यमद्धारा साक्षर भएका देखिएका छन ।

## ५.३ जातिगत आधारमा शैक्षिक अवस्था

हाम्रो समाज विविधतामा आधारित छ जसमा आ-आफ्नो जातजाति भाषाभाषि अनुसार विभिन्न क्रियाकलाप हुने गरेका हुन्छन । विभिन्न क्षेत्रमा जस्तै शैक्षिक क्षेत्रमा पनि विभिन्न जातजातिगत आधारमा शैक्षिक अवस्था पनि फरक यस क्षेत्रमा देखिएको छ । यस क्षेत्रको शैक्षिक अवस्थालाई हेंदा जातिगत आधारमा तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १४**

**जातजातिगत आधारमा उत्तरदाताहरुको शैक्षिक विवरण**

| क.स. | शैक्षिक स्तर | जात /जाती | | | |
|---|---|---|---|---|---|
| | | उच्च जाति (क्षेत्री, ब्राह्मण) | जनजाति ( नेवार, मगर, थारु, गुरुङ्ग) | तल्लो जाति (साकी, कामी, चमार) | जम्मा |
| १. | निरक्षर | ६ | ८ | ४ | १८ |
| २. | साक्षर/ अनौपचारिक | ५ | २ | – | ७ |
| ३. | प्रा.वि. | ४ | ७ | – | ११ |
| ४. | नि.मा.वि. | ४ | १ | २ | ७ |
| ५. | मा.वि. | ५ | २ | – | ७ |
| ६. | उ.मा.वि | १ | – | १ | २ |
| ७. | स्नातक | २ | – | – | २ |
| | जम्मा | २७ | २० | ७ | ५४ |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथि उल्लेखित तालिकामा कथित उच्च जाती भनिने (ब्राह्मण, क्षेत्री) उत्तरदाता २७ जना मध्ये ६ जना मात्र निरक्षर छन् । ३ जनाले उच्च शिक्षा हासिल गरेका छन् र यही जाति भित्र रहेका ३ जना उत्तरदाताले आफ्नो अध्ययनलाई निरन्तरता दिइरहेका पनि छन् । त्यसैगरी जनजाती (नेवार, थारु, मगर, गुरुङ्ग) उत्तरदाता जम्मा २० जना मध्ये ८ जना निरक्षर छन् । अन्य बाँकिले मा.वि. सम्मको मात्र शिक्षा लिएको देखिन्छ । त्यसैगरी कथित तल्लो जाति भनिएका ७ जना उत्तरदाता मध्ये ४ जना निरक्षर भने बाँकि २ जनाले विद्यालय शिक्षा र १ जनाले उच्च मा.वि. सम्मको शिक्षा हासिल गरेका छन् । यहाँ अन्य

राष्ट्रिय स्तरका अध्ययनहरुको निर्ष्कष जस्तै यस अध्ययन क्षेत्रमा पनि शैक्षिक र आर्थिक रुपले पनि सम्पन्न मानिएका जातिहरु भन्दा दलित जनजातिमा निरक्षरको संख्या बढि देखिएको छ ।

## ५.४ शिक्षाका आधारमा पेशा

शिक्षा र आर्थिक तत्व एक अर्को संग प्रत्यक्ष सम्बन्धित हुने भएकाले राम्रो आर्थिक स्रोतका आधारमा व्यक्तिले उपयुक्त शिक्षा प्राप्त गर्ने र प्राप्त गरेको शिक्षा र ज्ञानका आधारमा व्यक्तिले आफ्नो दैनिक जीवनका विभिन्न क्रियाकलाप संचालन गर्दछ । यस अध्ययन क्षेत्रका महिलाले पनि आफुले प्राप्त गरेको शिक्षाको आधारमा विभिन्न पेशामा संलग्न भएका छन ,जसमा विभिन्न पेशासंग संलग्न भएका महिलाको अवस्था निम्न तालिका देखाए बमोजिम छ ।

**तालिका नं. १५**

**शिक्षाका आधारमा उत्तरदाताको पेशागत विवरण**

| क्र.स. | पेशा | शैक्षिक स्तर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | स्नातक/माथि | अनौपचारिक | निरक्षर | जम्मा |
| १ | कृषि | ८ | ५ | ६ | २ | – | ६ | १६ | ४३ |
| २ | व्यापार | २ | २ | १ | – | – | १ | १ | ७ |
| ३ | जागिर | – | – | १ | – | २ | – | – | ३ |
| | मजदुरी | | | | | | | १ | १ |
| | जम्मा | १० | ७ | ८ | २ | २ | ७ | १८ | ५४ |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाले अध्ययन क्षेत्रका महिलाले आफुसंग भएको ज्ञान र शिक्षाका आधारमा विभिन्न पेशामा संलग्न भएका छन । जसमा जम्मा ३६ जना साक्षर उत्तरदाता महिला मध्ये धेरैको संख्यामा २७ जना महिलाहरु कृषि पेशामा संलग्न भएका छन । जसमा निरक्षर १८ महिलाहरु मध्ये १६ जना कृषिमा र १/१ जना व्यापार र मजदुरी पेशामा संलग्न छन् । जसमा पनि प्रा.वि. सम्म शिक्षा भएका ८ जना, नि.मा.वि. सम्मका ५ जना, मा.वि. सम्मका ६ जना, उ.मा.वि. सम्मा शिक्षा हासिल गरेका २ जना र ६ जना अनौपचारिक शिक्षा हासिल गरेका महिला कृषि पेशालाई आफ्नो मुख्य पेशाका रुपमा अगालेका छन भने जम्मा ७ जना

महिलाहरु मात्र व्यापार पेशामा संलग्न भएका छन,जसमा प्रा.वि. र नि.मा.वि. सम्ममा शिक्षा हासिल गरेका क्रमश २/२ जना छन भने १ जना मात्र अनौपचारिक शिक्षा हासिलका गरेका र एक जना निरक्षर महिला यस पेशामा संलग्न भएका छन । यसै गरी साधारणतया इज्जत प्रतिष्ठासँग दाज्ने जागिर पेशा भने केवल ३ जना महिला मात्र संलग्न भएका छन ।

## ५.५ महिला शिक्षा सम्बन्धि सामाजिक धारणा

शिक्षा मानवीय जीवनका लागि अत्यावश्यक साधन भएकाले सबैले शिक्षा लिन पाउनु उसको नैर्सगिक अधिकार मानिन्छ । आज विश्वमा भएका जे जति पनि परिर्वतन भए ति सबै शिक्षाकै कारण भएकाले सबैले समान शिक्षा पाउनु मानव अधिकारकौ पहिलो बिषय हो । आजको समयमा शिक्षा सबैको लागि समान हुनु पर्छ भन्ने मान्यता भएता पनि विशेष गरि पितृसत्तातमक सामाज,परम्परागत मुल्य मान्यताद्धारा संचालित हाम्रो समाजमा छोरा छोरीलाई समान रुपमा नहेरी हरेक क्षेत्रमा जस्तै शैक्षिक रुपमा पनि लैंगिक विभेद व्यापक देखिन्छ । छोराको लागी अनिर्वाय रुपमा राम्रो शिक्षा र छोरीको लागी त्यती महत्व नदिने हाम्रो समाजमा आजका समय सम्म पनि शहरि क्षेत्रको तुलनामा ग्रामिण क्षेत्रमा अझै त्यस्तो मान्यता कायमै छ ।

दीगो र संस्थागत विकासका लागि महिला पुरुषको समान सहभागिताका लागी जति मात्रामा पुरुष शिक्षित हुन्छ त्यति मात्रामा महिला पनि शिक्षित हुनु पर्छ भन्ने मान्यताले आज सबैका लागी समान शिक्षा भन्ने नारा सर्वत्र कायम छ । शिक्षाको क्षेत्रमा लैंगिक विभेद कम नभएको समयमा यस गा.वि.स.का उत्तरदाताको शिक्षा सम्बन्धि, विशेष गरी महिला शिक्षा सम्बन्धि कस्तो सामाजिक धारणा रहेको छ भन्ने कुरा बुझ्न खोज्दा अधिकांश महिलाले विविध कारणले पढ्न नपाएको र कतिपयले विभिन्न कारणले अध्ययनलाई निरन्तरता दिन नपाएको देखियो ।

विगतमा आफुले पढ्न नपाएको कारण अहिले झेल्न परेका यावत समस्या बताउदै शिक्षा छोरा छोरीको लागी अनिवार्य हुनु पर्छ । शिक्षाको अभावका कारण आज आफू विभिन्न अवसरबाट बन्चित हुनु परेको अनेक समस्याबाट पिरोलिनु परेको प्रमुख कारण नै शिक्षाको कमिले हो भन्ने जस्ता सामान्य चेतना यस क्षेत्रका महिलामा रहेको पाईयो । महिलामा वर्तमान समयमा शिक्षा सम्बन्धि के कस्तो धारणा छ भन्ने कुरा तलका शिर्षकले पनि प्रष्ट पारेको छ ।

## ५.६ विद्यालय जाने बालबालिकाको विवरण

शिक्षाले परिवार, समाज र स्वयम व्यक्तिगत क्रियाकलापमा व्यापक प्रभाव पार्दछ । यस पंञ्चनगर गा.वि.स. -२ का उत्तरदाताको परिवारमा पनि आमा बुवाको शैक्षिक सचेतना र अज्ञानताले के कस्तो प्रभाव पारेको छ भन्ने कुरा बुझ्न र आफ्ना बालबालिकाको भविष्य प्रति चिन्तित भएर विद्यालय पढाएको छ छैन, सामाजिक रुपमा शिक्षा प्रति कस्तो लैंगिक विभेद छ र वर्तमान समयमा शिक्षा प्रति कस्तो सचेतना बढेको छ भन्ने कुरा तलको तालिकाले स्पष्ट रुपमा देखाएको छ ।

**तालिका नं. १६**

**उत्तरदाताको परिवारमा विद्यालय जाने बालबालिको विवरण**

| क्र.स. | विद्यालय जाने बालबालिका | छोरा संख्या | प्रतिशत | छोरी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निजि विद्यालय गइरहेको | ३१ | ४६.९६ | १९ | ३८.७७ |
| २ | सरकारी विद्यालय गइरहेक | २१ | ३१.८१ | २३ | ४६.९३ |
| ३ | विद्यालय बीचैमा छोडेको | ४ | ६.०७ | २ | ४.०८ |
| ४ | विद्यालय जाने उमेर नभएको | १० | १५.१६ | ४ | ८.१७ |
| ५ | विद्यालय नै नगएको | - | | १ | २.०५ |
| | जम्मा | ६६ | १०० | ४९ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाले अध्ययन क्षेत्रमा शैक्षिक गतिविधि सम्बन्धि सामाजिक सचेतना के कस्तो छ र सामाजिक रुपमा महिला शिक्षालाई कसरी हेरेको छ भन्ने कुरा प्रष्ट पारेको छ । अध्ययन क्षेत्रका  विद्यालय जाने बालबालिकाहरुको शैक्षिक अवस्थाको जानकारी लिदा जसमा जम्मा ६६ केटा र ४९ केटी मध्ये ३१ जना अर्थात ४६.९६ प्रतिशत केटा निजि विद्यालयमा पढाएको र त्यसको तुलनामा १९ जना अर्थात ३८.७७ प्रतिशत केटी मात्र निजि विद्यालयमा पढाएर शिक्षा क्षेत्रमा पनि व्यापक लैंगिक विभेद कायम रहेको देखिएको छ, जसमा अझै पनि छोरालाई राम्रो महंगो स्कुलमा र छोरीलाई सस्तो सरकारी स्कुलमा पढाउने गरेको पाइयो । त्यसै गरी सरकारी स्कुलमा २१ जना अर्थात ३१.८१ प्रतिशत केटा र २३ जना ४६.९३ प्रतिशत केटी सरकारीमा स्कुलमा पढाएका छन । जसबाट के देखाएको छ भने छोरालाई राम्रो शिक्षा र छोरीलाई वेवास्ता गरी सरकारी स्कुलमा पढाउने गरेको

पाइयो । यसै गरी ४ जना केटा र २ जना केटीले भने विद्यालय जान बिचैमा छोडेका छन भने १० जना केटा र ४ जना केटीको भने विद्यालय जाने उमेर नै नभएका छन् र १ जना केटी मात्र आर्थिक अवस्था कमजोर भएका कारण कहिल्यै पनि स्कुल जान पाएकी छैनन् ।

## ५.७ छोरा छोरीको पढाई सम्बन्धि धारणा

आजको समयमा सबैका लागि शिक्षा अनिवार्य हो भन्ने सचेतना केहि उत्तरदाता वाहेक अधिंकासले बुझेका छन । यस अध्ययन क्षेत्रका प्राय जसो महिला आफ्ना विगतका तिता समस्या बताउदै शिक्षा सबैका लागि समान हुनु पर्छ भन्ने धारणको विकास भएको भने पाइयो । प्रयाप्त मात्रामा शिक्षा नभएकै कारण आफुले स-सानो कुरामा पनि समस्या भोग्नु परेकाले आफुले जस्तो छोरा छोरीले समस्या भोग्नु नपरोस भन्ने सकारात्मक सचेतना रहेको छोरीले भन्दा छोराले धेरै पढ्नु पर्छ हो ? भन्ने प्रश्न गर्दा आएको तथ्यलाई तलको तालिकाले देखाएको छ ।

**तालिका नं. १७**

**छोरा छोरीको शिक्षा सम्बन्धि धारणा**

| क्र.स. | धारणा | संख्या |
|---|---|---|
| १ | हो | १० |
| २ | होइन | ४४ |
| | जम्मा | ५४ |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाले प्रष्ट पार्दछ की आजको समयमा हरेक समस्या समाधानका लागि शिक्षा एउटा प्रमुख अस्त्र भएकाले सबैलाई शिक्षा समान हुनु पर्छ भन्ने मान्यता यहाँ पनि पाइएको छ । अध्ययन क्षेत्रका महिलामा छोरा मात्र नभएर छोरी पनि समान रुपमा शिक्षित हुनु पर्छ भन्ने सचेतना सामाजिक रुपमै आएको छ । परम्परगत मान्यतामा छोरीले भन्दा छोराले धेरै पढ्नु पर्छ भन्ने मान्यतामा केहि संकुचित धारणा भएका १० जना महिला मात्र भए पनि ठूलो संख्यामा ४४ जना महिलाले भने छोरा छोरीले समान रुपमा पढ्न पाउनु पर्छ धारणा राखेका छन । यसरी समाजिक रुपमै छोरा छोरी समान हुन भन्ने मान्यताले सबैमा सामाजिक प्रभाव पारेको देखिन्छ ।

## ५.८ समाजमा हुने शैक्षिक गतिविधि सम्बन्धि धारणा

यस अध्ययन क्षेत्रका उत्तरदातामा शिक्षा सबैका लागि समान हुनु पर्छ भन्ने मान्यताले सामाजिक मान्यता अनुसार छोरा छोरीलाई विद्यालयमा पढाए पनि आफुमा भएको चेतनाका अभावका कारण गुणस्तरीय शिक्षाका लागि भने त्यति चासो राखेका कमै पाइन्छ । विद्यालयमा छोरा छोरी पढाए पनि छोरा छोरीको पढाइ के कस्तो छ भन्ने बारेमा कमैले मात्र बुझ्ने गरेको पाइयो । शिक्षा सम्बन्धि विभिन्न क्रियाकलाप, शैक्षिक तालिम गोष्टि, विद्यालयमा हुने विभिन्न शैक्षिक गतिविधिमा सहभागिता, समय समयमा विद्यालयमा गएर आफ्नो छोरा छोरीको शैक्षिक प्रगति के कस्तो छ भन्ने जानकारी कमैले मात्र राखेका छन । यसरी समाजमा हुने यस्ता विभिन्न शैक्षिक गतिविधिका बारेमा उत्तरदाताका मत विभिन्नता छन भन्ने कुरा तलको तालिकाले देखाएको छ ।

**तालिका नं. १८**

**शैक्षिक गतिविधि सम्बन्धमा महिलाको चासो**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धेरै छ | १० | १८.५२ |
| २ | त्यति छैन | २८ | ५१.८५ |
| ३ | छैन | १६ | २९.६३ |
| | जम्मा | ५४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाले यस अध्ययन क्षेत्रका महिलाको शैक्षिक सचेतनालाई सामाजिक सचेतनाले  प्रभाव पारेको भएता पनि आफुले निरक्षरताका कारण भोगेका समस्या आफ्नो सन्तानमा नपरोस भन्ने मान्यता भएता पनि छोरा छोरीको पढाइ राम्रो छ छैन भन्ने विषयमा भने कमैले बुझ्ने गरेको र त्यसै गरी समाजमा हुने विभिन्न  गतिविधि सम्बन्धमा पनि कमै चासो राखेको पाइन्छ । समाजमा हुने शैक्षिक गतिविधि सम्बन्धमा ५४ जना उत्तरदाता मध्ये केवल १० जना अर्थात १८.५२ प्रतिशत महिलाले मात्र विभिन्न समाजमा हुने गतिविधिमा सहभागि हुने र आफ्नो छारा छोरीको पढाइ के कस्तो भएको छ भनि चासो राख्ने गरेको पाइयो त ठूलो संख्यामा २८ जना अर्थात ५१.८५ प्रतिशत महिलाले केहि मात्रामा मात्र त्यस्तो समाजिक शैक्षिक गतिविधिमा चासो राखेको छन भने १६ जना अर्थात २९.६३ प्रतिशत महिलाले भने छोरा छोरी स्कुलमा पढाए पनि शैक्षिक गतिविधिमा भने कुनै चासो नै नभएको बताएका छन । यस तथ्याकंले के पनि देखाएको छ भने समाजिक

प्रभावका कारण छोरा छोरी स्कुल पढाए पनि गुणस्तरीय शिक्षा प्रति भने त्यति सचेतना नभएको कुरा देखाएको छ ।

## ५.९ निरक्षर हुनुका कारण

यस शोध अध्ययनका क्रममा छनोट परेका ५४ जना महिला मध्ये ३६ जना महिला विभिन्न माध्यमबाट भए पनि साक्षर भएका छन भने १८ जना महिला निरक्षर छन । यस्तो  निरक्षर हुनुमा एउटा मात्र कारण नभएर  विभिन्न कारणले गर्दा भएका छन । यस क्षेत्रका महिला निरक्षर हुनुका कारणहरुलाई खुलाउन तलको तालिकाले सहयोग गरेको छ ।

**तालिका नं. १९**

**उत्तरदाता निरक्षर हुने कारक तत्व**

| क्र.स. | पढाई छाड्नुका कारण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरायसी काम | ३ | १६.६६ |
| २ | कमजोर आर्थिक अवस्था | ८ | ४४.६६ |
| ३ | परिवारिक चेतनाको कमी | ४ | २२.२२ |
| ४ | लैङ्गिक भेदभाव | २ | ११.११ |
| ५ | थाहा छैन | १ | ५.५५ |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकामा देखाए अनुसार  यस अधययन क्षेत्रका १८ जना महिला निरक्षर देखाएका छन जसमा सबै भन्दा बढी मात्रा आर्थिक अवस्था कमजोर भएर ८ जना अर्थात ४४.६६ प्रतिशत महिलाहरु निरक्षर भएका छन भने ४ जना अर्थात २२.२२ प्रतिशत महिलाहरु प्रयाप्त चेतनाको कमीले कहिल्यै पनि विद्यालय जान पाएका छैन । यसै गरी ३ जना अर्थात १६.६६ प्रतिशत घरायसी कामले गर्दा र २ जना अर्थात ११.११ प्रतिशत महिला भने पितृसत्तात्मक समाजमा कुरितीका रुपमा रहेको लैङ्गिग विभेदका कारण विद्यालय गएका छैनन् भने १ जना अर्थात ५.५५ प्रतिशत महिलाले भने आमा बुवाले किन नपढाएका थाहाछैन भन्ने जवाफ दिएका छन ।

यसरी यस क्षेत्रका महिला निरक्षर हुनुमा विभिन्न कारण देखिएका छन । हरेक क्षेत्रमा आर्थिक पक्षले प्रभाव पारे जस्तै सामाजिक मुल्य मान्यताले समेत शैक्षिक क्षेत्रमा के-कस्तो प्रभाव पारेको हुन्छ भन्ने कुरा सामाजिक मुल्य मान्यता र लैङ्गिक विभेदका कारण कहिल्यै

विद्यालय जान नपाएकी यी महिलाको व्यक्तिगत अध्ययनबाट पनि यसलाई स्पष्ट पार्न थप सहयोग मिल्छ ।

**वैयक्तिक अध्ययन -२**

*३१ वर्षिया हरिमाया हरिजन (नाम परिर्वतन) एकल परिवारकि गृहिणी महिला हुन । १५ वर्ष पहिला विवाह गरेकि हरिजनका ४ छोराछोरी छन् । शिक्षाका नाममा अक्षर पनि नचिनेकि र विद्यालय कहिल्यै नगएकि हरिमायाको पारिवारिक वातावरण पनि खासै शिक्षित छैन । आफ्नो आमाबुवाको आर्थिक अवस्था कमजोर नभए पनि आफ्नो जाती भित्रको सामाजिक/सांस्कृतिक मान्यताले गर्दा सानै उमेरमा विवाह (गौना) भएको र गौना पश्चात घर बाहिर जताततै जानु हुदैन् भन्ने आमाबुवाको चाहनाले पढ्न पाएकी छैनन् । दाजुभाईलाई स्कुलमा पढाएपनि आफु छोरी भएकै कारण घरबाट पढन नपठाएको र सानैमा विवाह गरी पढाई दिए पश्चात त झन पढन पाउने सम्भव नै नभएको बताइन । उनले आफ्नो निरक्षर हुनुको प्रमुख कारण आफ्नो समाजको परम्परागत मान्यता अभिभावकको संकुचित भावना हो । शिक्षा त मानिसको लागि आवश्यक रहेछ मैले पढ्न र श्रीमानले नपढेपनि छोराछोरीलाई भने पढाउनु पर्छ भन्ने चेतना रहेको बताइन् ।*

## ५.१० विवाह पश्चात महिलाको अध्ययन अवस्था

हाम्रो समाजमा छोरी धेरै पढ्नु हुन्न भन्ने मान्यता यदाकदा रहेको छ त्यसैमा पनि विवाह पश्चात महिलाले घरायसी काममा मात्र सिमित हुनु पर्छ भन्ने मान्यताले गर्दा विवाह पश्चात छोरीहरुले सहजै रुपमा आफ्नो पढाई निरन्तरता दिन पाएका हुदैन । यसरी यस अध्ययन क्षेत्रका महिलाले पनि विवाह पश्चात आफ्नो पढाईलाई खासै निरन्तरता दिन नसकेको कुरा तलको तथ्यले देखाएको छ ।

**तालिका नं २०**

**उत्तरदाताको विवाह पछिको अध्ययन अवस्थाको विवरण**

| क.स. | अध्ययन निरन्तरता दिएका महिलाहरु | अध्ययन छोडेका महिलाहरु | जम्मा |
|---|---|---|---|
| १ | ३ | २६ | २९ |

स्रोत: स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकामा विवाह पश्चात पढाईलाई निरन्तरता दिएका महिलाहरुको व्याख्या गर्ने क्रममा निरक्षर र अनौपचारिक रुपमा साक्षर भएका बाहेक औपचारिक रुपमा साक्षर भएका महिलाहरु मध्ये प्रा.वि. देखि उच्च शिक्षा सम्म अध्ययन गरेका जम्मा २९ जना महिला मध्ये ठूलो संख्यामा २६ जना महिलाहरुले विवाह पश्चात आफ्नो पढाईलाई निरन्तरता दिन पाएका छैनन भने ३ जना महिलाले मात्र आफ्नो अध्ययनमा निरन्तरता दिएका छन । यसबाट महिला शिक्षा निरन्तरता दिन नसक्नुको प्रमुख कारण तत्व मध्ये विवाह पनि एक प्रमुख हो भन्ने कुरा प्रष्ट भएको छ ।

## ५.११ पढाई निरन्तरता नदिनुका कारण

शिक्षा मानिसको तेस्रो नेत्र र सचेतनाको प्रमुख माध्यम हो । जसको कारण व्यक्तिले आफ्नो जीवन सरल र भविष्य उज्जवल बनाउँछ । तापनि महिला महिला भएकै कारण अर्थात लैङ्गिक विभेदका कारण महिलाको पढाई प्रति इच्छा हुदाँ हुदै पनि कतिपय कारणले पढाई छोड्नु पर्ने हन्छ । यस गा.वि.स. मा पनि यस अध्ययन क्षेत्रका महिलाले विभिन्न कारणले गर्दा अध्ययनलाई निरन्तरता दिन सकेका छैनन । जसमा धेरै कारणहरु मध्ये निम्न कारणहरु प्रमुख छन ।

**तालिका नं. २१**

**पढाई निरन्तरता नदिनुका कारणहरुको विवरण**

| क्र.स. | पढाई छाड्नुका कारण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पारिवारिक समस्याले | ५ | २० |
| २ | परिवारले नपढाएर | ३ | १२ |
| ३ | स्कुल टाढा भएर | १ | ४ |
| ४ | विवाह भएर | १४ | ५३ |
| ५ | पढाईको महत्व नबुझेर | ३ | १२ |
| | जम्मा | २६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

यहाँ जम्मा ५४ जना उत्तरदातामा ३६ जना साक्षर र १८ जना निरक्षर छन । जसमा पनि २९ जनाले औपचारिक माध्यमबाट शिक्षा लिएका र ७ जनाले अनौपचारिक माध्यमबाट साक्षर भएका छन् । २९ जना मध्ये ३ जनाले हाल पनि आफ्नो पढाईलाई निरन्तरता दिएकाले बाँकि २६ जना महिलाले विभिन्न कारणले आफ्नो पढाई निरन्तरता दिन सकेका छैनन । जसमा सबै भन्दा ठूलो संख्यामा १३ जना अर्थात ५२ प्रतिशत महिलाले पढ्ने इच्छा

भए पनि विवाहका कारण पढाई निरनतरता दिन पाएका छैन भने ५ जना अर्थात २० प्रतिशतले महिलाले पारिवारिक समस्याले विशेष गरी आर्थिक समस्याका कारण पढ्न नपाएका छन । यसै गरी परिवारले नपढाए, पढाईको महत्व नबुझेर क्रमश ३/३ जना अर्थात १२/१२ प्रतिशत महिलाले पढाई निरन्तरता दिएका छैन भने १ जना अर्थात ४ प्रतिशत महिलाले मात्र पढ्ने इच्छा भएर पनि स्कुल टाठा भएकाले जान नसकेको पाइएको छ ।

यसरी यस क्षेत्रका प्राय महिलाले विवाहका कारण आफ्नो पढाई पुरा गर्न सकेका छैन भने त्यसै गरि अन्य विभिन्न कारण मध्ये आर्थिक कारण पनि प्रमुख हो जसमा अध्ययन क्षेत्रका महिला मध्ये एक जना महिलासंग गरिएको वैयक्तिक अध्ययनद्धारा आर्थिक समस्याले के कस्तो प्रभाव पार्छ भन्ने कुरा देखिएको छ ।

### ***वैयक्तिक अध्ययन-३***

*गुणमाया न्यौपाने (नाम परिर्वतन) अहिले २३ वर्षकी छन । नि.मा.वि. सम्म पढेकी गुणमायाको २० वर्षको उमेरमा पढदा पढदैको समयमा अभिभावकले विवाह गरि दिएका थिए । विवाह पश्चात पढाई निरन्तरता नभए पछि आफ्नो जीवनयापनका लागि बाटोमा पसल राखेर बसेकी गुणमायाको ३ वर्ष पहिला अभिभावकले कमजोर आर्थिक अवस्थाका कारण पढाउन नसकेका कारण आफुले यो समस्या भोग्नु परेको कुरा बताइन् । आफ्नो पढ्ने तिव्र इच्छा भए पनि आर्थिक अवस्था कमजोर भएका कारण विवाह गरी दिएका र विवाह पश्चात पनि श्रीमानको आर्थिक पनि कमजोर भएकोले पढ्ने इच्छा पुरा भएन भन्ने दुखेसो पोखिन । उने आफ्नो अहिलेको दयनिय अवस्थाको प्रमुख कारण शिक्षा लिन नसक्नु हो भन्ने स्विकारिन । अझ पढने मौका पाएमा आफ्नो पढने चाहना भएको उनले बताइन् ।*

यसरी हरेक क्षेत्रमा जस्तै शैक्षिक क्षेत्रमा पनि आर्थिक अवस्थाले ठूलो प्रभाव पारेको हुन्छ । जसमा आर्थिक अवस्था राम्रो भएमा चाहिए जति पढ्न पाउने र आर्थिक अवस्था कमजोर भएमा व्यक्तिले चाहेर पनि पढ्न सक्दैन भन्ने कुरा प्रस्तुत व्यत्तिगत अध्ययनबाट बुझ्न सकिन्छ ।

# अध्याय छ

## सारांश र निश्कर्ष (**Summary and Conclusoin)**

### ६.१ सारांश

राष्टिय जनगणना २०५८ अनुसार ८६ प्रतिशत मानिसहरु ग्रामिण भेगमा बसोबास गर्ने नेपाल गाउँ नै गाँउ मिलेर बनेको देश हो । सम्रग राष्ट्रको विकासका लागि गाँउको विकास विना सम्भव नहुने भएकाले गाँउको सम्रग विकासका लागि मानिसलाई सभ्य जीवन शैली पद्धति सिकाउने र सचेतना ल्याउने शिक्षा सबैमा हुनु आवश्यक छ । गाँउका जनता शिक्षित नभए सम्म सम्रग गाँउको विकास नहुने र गाँउको विकास नहुनु भनेको सिङ्गो देशको विकास नहुने भएकाले गाँउ देखि शहर सम्ममा शैक्षिक सचेतना हुनु आवश्यक छ । सिङ्गो समाजको विकारको लागि सबैमा समान शिक्षा आवश्यक भएकाले सबैलाई समान एवं निर्वाद रुपमा शिक्षा प्रदान गर्नु आजको प्रमुख आवश्यकता हो । जसले गर्दा नागरिकको चौतर्फी विकास र सम्रग समाज र राष्ट्र निमार्णमा टेवा पुचाउछ ।

देशको कुल जनसंख्याको आधा भन्दा बढि भाग ओगटेका महिलाको हरेक क्षेत्रमा जस्तै शैक्षिक अवस्था पनि अयनीय छ । आजको राष्ट्रको कानुन र विभिन्न सहमतिका दस्तावेजमा हरेक क्षेत्रमा महिला पुरुष समान भने देख्न र सुन्न पाइएता पनि व्यवहारमा भने त्यस्तो पाइन्न । नेपालको अन्तरिम संविधानले समेत सबै क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य र २०१५ सम्म सबैका लागि शिक्षा भन्ने नारा भनेता पनि वास्तविक रुपमा हेर्दा हरेक क्षेत्रमा महिला समान सहभागिता र निर्णय प्रक्रियामा पहुँच भएको छैन कारण महिलामा भएको शैक्षिक चेतनामा कमिले । जब सम्म महिलको पहुँच शैक्षिक क्षेत्रमा पुग्दैन तब सम्म महिलाले पाएका अधिकार पनि सुरक्षित हुन नसक्ने भएकाले महिला शिक्षा आजको आवश्यकता भएको छ ।

महिला शिक्षा आजको आवश्यकता हो भन्ने कुरालाई मध्ये नजर राख्दै यस अध्ययन क्षेत्रका महिलामा पनि शैक्षिक अवस्था के-कस्तो छ थाहा पाउनका लागि विशेष महिला शिक्षामा केन्द्रि भएर अध्ययन गरिएको छ । विशेष गरि यस पञ्चनगर २ का ३६० घरधुरी मध्ये ५४ घरधुरीका महिलाहरुलाई उत्तरदाताको रुपमा छनोट गरि यस क्षेत्रका महिलाको शैक्षिक

अवस्था, महिलाको शैक्षिक वृद्धि दर र महिला शिक्षामा प्रभाव पार्ने तत्वहरु के के हुन भन्ने जस्ता सम्रग विषयको बारे यसमा अध्ययन गरीएको छ ।

महिला शैक्षिक अवस्थाको अध्ययनका लागि यस शोध पत्रमा विशेष गरी पञ्चनगर २ छनोट गरीएको छ जसमा ३६० घरधुरी मध्ये सम्भाव्य नमुना छनोट विधिद्धारा ५४ महिला उत्तरदाता छनोट गरी प्राथमिक श्रोतका आधारमा तथ्याङ्क संलन गरिएको छ । यस अध्ययनमा आवश्यक तथ्यांक प्राथमिक श्रोत घरधुरी सर्वेक्षण, अन्तर्वाता, वैयक्तिक अध्ययन द्धारा र द्धितिय स्रोत विभिन्न लेख, अध्ययन प्रतिवेदन, पुस्तकालय अध्ययन र अन्य रिर्पोटहरु द्धारा तथ्याङ्क संकलन गरीएको छ । जसमा प्राप्त गुणात्मक र संख्यात्मक जस्ता विभिन्न प्रकृतिका तथ्याङ्कलाई व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यी विभिन्न अध्ययन विधिका आधारमा यस गा.वि.स. का महिलाको शैक्षिक अवस्था र महिला शिक्षामा प्रभाव पार्ने तत्वका बारेमा अध्ययन गरिएको छ ।

सम्रगमा यस अध्ययन क्षेत्रका महिलाको सामाजिक ,आर्थिक, विशेषताको वर्णन र त्यसका आधारमा महिला शैक्षिक अवस्था निम्न बमोजिम देखिएको छ ।

- यो शोध अध्ययनका क्रममा यस गा.वि.स.का ३६० घरधुरी मध्ये ५४ घरधुरी छनोटमा परेका छन ,जसमा जम्मा २४५ जनसंख्या मध्ये ४७.७५ महिला र ५२.२५ प्रतिशत पुरुष रहेका छन ।
- सम्पुर्ण घर परिवारमा हेर्दा साक्षरताका आधारमा जम्मा जनसंख्या मध्ये ४३.१४ प्रतिशत महिला र ५७.८६ प्रतिशत पुरुष साक्षर छन ।
- अध्ययनका क्रममा जम्मा महिला मध्ये ३३ प्रतिशत निरक्षर छन भने ६७ प्रतिशत महिला साक्षर भएता पनि उच्च शिक्षामा भने ७.४ प्रतिशत महिला मात्र छन ।
- परिवारको प्रकारका आधारमा साक्षरतालाई हेर्दा एकल परिवारको संख्या बढि भएकोले निरक्षर संख्या पनि यसमा बढि देखिएको छ तापनि शिक्षाको तहगत आधारमा माथिल्लो तह अध्ययन गर्ने र निरन्तरता दिने भने संयुत्त परिवारको तुलनामा एकल परिवारका महिलाहरु बढि देखिन्छन् ।

- जम्मा १८ जना निरक्षर उत्तरदातामा उच्च जाति भन्दा कथित दलित जनजाति १२ जना महिलाहरु निरक्षर देखिएका छन् ।

- शिक्षाका आधारमा महिलाको नाममा जग्गाको स्वामित्वलाई हेर्दा २० जनाको आफ्नो स्वामित्वमा जग्गा छ यी मध्ये १३ जना महिला साक्षर छन् भने ७ जना निरक्षर छन् ।

- जातिगत आधारमा पेशालाई हेर्दा प्राय सबै जातिका महिलाहरुले कृषि पेशामा नै छन् नेवार जातिमा भने जम्मा ८ जना मध्ये ३ व्यापार रहेको देखिएको छ ।

- यस अध्ययन क्षेत्रमा घरायसी आय व्ययको निर्णय प्रकिया जम्मा ५४ जना मध्ये २९ जनाको परिवारमा श्रीमानले नै निर्णय गर्ने गरेको देखिन्छ ।

- अध्ययनका लागि छनोट भएका महिलामा ८०.५५ प्रतिशत औपचारिक माध्यमद्धारा र १९.४५ प्रतिशतले अनौपचारिक माध्यमबाट शिक्षा प्राप्त गरेका छन ।

- शिक्षाका आधारमा पेशालाई हेर्दा ३६ जना साक्षर उत्तरदाता मध्ये १० जना महिला व्यापार र जागिरमा संलग्न देखिएका छन् भने १८ जना निरक्षर महिलामा १६ जना कृषि पेशामा देखिएका छन् ।

- छनोटमा परेका जम्मा महिला मध्ये ५.५५ प्रतिशत महिलाको मात्र पढाइ निरन्तरता रहेको छ भने अन्यको भने विभिन्न कारणले गर्दा छोडि सकेका छन ।

- यस अध्ययन क्षेत्रमा विद्यालय गइ रहेका केटाकेटीमा जम्मा १०२ जना मध्ये ५८.५२ प्रतिशत केटा र ४१.१५ प्रतिशत केटी अध्ययनरत छन जसमा ६२ प्रतिशत केटा निजि विद्यालयमा पढ्छन् भने ३८ प्रतिशत मात्र केटी निजि विद्यालयका अध्ययनरत छन ।

- छनोटमा परेका महिला मध्ये ५३ प्रतिशत महिलाले विवाह भएका कारण पढाई निरन्तरता दिन पाएका छैन भने ४४. ६६ प्रतिशत महिलाले आर्थिक अवस्था कमजोरका कारण निरक्षर भएका छन ।

- महिलाहरु पुर्ण रुपले निरक्षर हुनाका कारणहरुमा ४४.६६ प्रतिशत महिलाहरु आर्थिक कारणले निरक्षर भएको देखिएको छ ।
- औपचारिक माध्यमबाट साक्षर भएका महिलाहरु मध्ये ५३ प्रतिशत महिलाले विवाहका कारण आफ्नो अध्ययनलाई निरन्तरता नदिएको देखिएको छ ।
- जातजातिगत आधारमा शैक्षिक अवस्थालाई हेर्दा ब्राह्मण क्षेत्रीमा उच्च शिक्षा सम्म अध्ययन गरेका महिलाहरु धेरै छन् भने अन्य जातिमा माथिल्लो तहमा सम्म अध्ययन गरेका महिला कम संख्यामा छन् ।

यसरी यस अध्ययन क्षेत्रमा जम्मा ५४ महिला मध्ये प्राय जसोले विवाह पश्चात अध्ययन निरन्तरता दिन सकेका छैन । जसमा मुख्यतया विवाहका कारण र सामाजिक सचेतनाको कमिका कारण, गर्भावस्था, आर्थिक अभाव, परिवारको सहयोगको अभाव आदि जस्ता कारणहरुले पढाई निरन्तर हुन सकेको छैन ।

## ६.२. निष्कर्ष

यो शोध अध्ययन मुख्य रुपमा नवलपरासी जिल्ला पञ्चनगर गा.वि.स. २ का महिलाहरुको शैक्षिक अवस्थामा केन्द्रित भएर अध्ययन गरिएको छ । अध्ययन कै क्रममा यस क्षेत्रका महिलाको शैक्षिक स्तर वृद्धि हुन नसक्नुमा विभिन्न सामाजिक, आर्थिक, पारिवारिक आदि जस्ता कारणले ठूलो भूमिका खेलेको पाइन्छ । विभिन्न कारणले पढ्न नपाएका महिलाहरु तथा पढाइ निरन्तरता दिन नसकेका महिलाले पढाई नभएकै कारण आफ्नो जीवन कष्टदायी भएको र रोजगारीको अवसरबाट बन्चित हुनु परेको यर्थातता स्वीकार गरेका छन । शिक्षाका कारण नै मानिसले आफुले आफ्नो भविष्य उज्जवल बनाउन सक्दो रहेछ र शिक्षा सबै मानिसका लागि अनिर्वाय रहेछ भन्ने सचेतना भने हाल भएको पाइयो । यस क्षेत्रका महिलाले आफ्नो दुखद जीवन यर्थाता सुनाउदै शिक्षाकै कारण आफुले जस्तो जीवन आफ्ना सन्तानले पनि भोग्नु नपरोस भन्ने जस्ता सचेतनाको विकास भएता पनि केहि मात्रामा भने अझै पनि परमपरागत मूल्य मान्यता र दृष्टिकोणका कारण महिला शिक्षामा ठूलो आघात पारेको देखिन्छ । जसमा छोरीलाई पराइको सम्पति मान्ने र उनीहरुलाई घरायसी काममा मात्र सिमित राख्नु र पढाए पनि अक्षर चिन्न सके हून्छ भन्ने जस्ता धारणाले महिला शिक्षाको गुणस्तरता र महत्वलाई बुझ्न सकेको कमै देखिन्छ ।

यसै गरी यस अधययन क्षेत्रका निरक्षर महिलामा आफु भित्र नै हिनताबोध रहेको पनि पाइयो, जसमा उनीहरु आफुमा आत्मविश्वास नहुनुको प्रमुख कारण शिक्षित नहुनु हो भन्ने कुरालाई स्वीकार गर्दछन । ग्रामिण स्तरमा हुने विभिन्न क्रियाकलाप र गतिविधिमा सहभागी हुन नपाउने र अन्य विभिन्न निणार्यक प्रक्रियामा पनि सहभागि हुन नसकेको पाइयो । हरेक क्षेत्रमा जस्तै आयमलुक कार्यमा पनि महिलालाई समान रुपमा सहभागी गराउन नसक्दा महिलाहरु आयमुलक कार्यबाट पछि पर्ने र आयमुलक कार्यमा पछि पर्नु भनेको उनीहरुको मानसिक विकास पनि स्वभाविक रुपमा पछि हुने भन्ने जस्ता सचेतना छैन भने यसै गरी यस क्षेत्रका महिलाहरु घरायसी काम देखि समुदाय स्तर सम्ममा पनि निर्णाक प्रक्रियामा कमसहभागी रहेको पाइयो ।

यसै गरी शिक्षित परिवार र अशिक्षित परिवारलाई हेर्दा यिन बीचको जीवनशैली र विभिन्न गतिविधिमा भिन्न देखिएता पनि कतिपय मात्रामा भने शिक्षित परिवारका परिवारबाट अपहेलित र घरायसी कार्यमा सिमित रहेका पाइन्छन । यसै गरी जातिय आधारमा हेर्दा कथित उच्च जाति भन्दा कथित दलित र जनजातिहरुमा निरक्षता बढि पाइयो । यस क्षेत्रका महिला विविध कारणले उच्च शिक्षा हासिल गर्नबाट बन्चित भएता पनि वर्तमान समयमा भने शिक्षा प्रतिको चेतना स्तर राम्रो रहेको पाइन्छ ।

समग्रगका यस अध्ययन क्षेत्रका महिलाको शैक्षिक स्तर कमजोर पार्ने तत्व अघिल्लो पुस्ताका महिला र पछिल्लो पुस्ता महिला बीचमा भिन्न पाइन्छ । अघिल्लो पुस्ताका महिलाहरु जस्तो सामाजिक अन्धविश्वास, पारिवारिक पृष्ठभूमि, सामाजिक वातावरण, अत्याधिक घरायसी काम, न्यून आर्थिक स्रोत र अध्ययनमा लाग्ने कुनै पनि किसिमको उत्प्रेरणा नभएका कारणले गर्दा शैक्षिक स्तर कमजोर देखिन्छ भने पछिल्लो पुस्ताका महिलाहरुमा भने अध्ययन सबैका लागि अनिवार्य छ भन्ने थाहा भएता पनि लैङ्गिग विभेदका कारण महिलकाेा शैक्षिक स्तर कमजोर देखिन्छ । यस्तो समस्यालाई समाधान गर्नका लागि यर्थाथ मै पारिवारिक रुपमा आन्तरिक सचेतना हुनु अत्यावश्यक देखिन्छ । समयको विकास क्रमसंगै गुणस्तरीय शिक्षाको कुरा उठ्ने  समयमा महिलाको शैक्षिक अवस्थामा भने न्यून रहेको छ । जहाँ महिला पुरुष समानताको कुराले खासै प्रगति गरेको पाइदैन । यसका लागि सबै क्षेत्रमा समानताको आवश्यकता देखिन्छ ।

# सन्दर्भ ग्रन्थसूचि

आर्चाय, बलराम (२०६६) लैङ्गिक अध्ययन, नेसनल बुक सेन्टर भोटाहिटि काठमाडौं ।

अधिकारी, विष्णु प्रसाद (२०६६) शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली, आशिष बुक भण्डार, बागबजार काठमाडौं ।

अधिकारी, विष्णु प्रसाद (२०६६) शिक्षाशात्र र नेपालमा शिक्षा, आशिष बुक भण्डार बागबजार काठमाडौं ।

अर्न्तराष्ट्रिय शैक्षिक मंच (२०६१) बर्ष ३ अकं १ अनामनगर काठमाडौं ।

अन्तरिम योजना (२०६७ – २०६९) राष्ट्रिय योजना आयोग ।

उपाध्याय, जगत (२०६६) शिक्षा आयोग प्रतिवेदन विशेषाङ्क, वर्ष ३ अकं १ अनुसन्धानात्मक पत्रिका, नेपाल प्रगतिशिल प्राध्यापक संगठन केन्द्रीय समीती बल्खु काठमाडौं ।

नेपालको अन्तरिम संविधान (२०६३) कानून किताब खाना बबरमहल काठमाडौं ।

नेपाल मानव विकास प्रतिवेदन, (२००४) सशत्तिकरण तथा गरिबी न्यूनिकरण, संयुत्त राष्ट्र संघिय विकास कार्यक्रम, पुल्चोक काठमाडौं ।

भट्टराई, ज्ञानेश्वर (२०५२) शिक्षा सेवा दिग्दर्शन, विद्यार्थी पूस्तक भण्डार काठमाडौं ।

ब्रजाचार्य, ह्दयरत्न (२०५९) महिला शिक्षा वार्षिक प्रकाशन शिक्षा विभाग, महिला शिक्षा शाखा काठमाडौं नेपाल ।

श्रेष्ठ, केशव कुमार (२०६६) 'लैङ्गिक अध्ययन' एकेडेमिक बुक सेन्टर र्कीतिपूर काठमाडौं ।

शिक्षा मन्त्रालय, (२०४९) शिक्षा आयोगको प्रतिवेदन (काठमाडौं) ।

नेपाल सरकार शिक्षा मन्त्रालय, (२०६७) शैक्षिक सूचनाः एक झलक (काठमाडौं) ।

युनेस्को (२००६) सबैका लागी शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदन, युनेस्को ललितपुर काठमाडौं ।

युनेस्को (२००९) एशिया प्रशान्त क्षेत्रमा शिक्षामा लैङ्गिकता संजाल (जेनिया साधन सामग्री) युनेस्को काठमाडौं ।

जिल्ला शिक्षा कार्यलय, (२०६७) त्रैमासिक शैक्षिक बुलेटिन, नवलपरासी नेपाल ।

## REFERENCES


Acharya, Meena & Bennett, L. (1981). The Status of Women in Nepal Vol. ll Field Studies Rural Women of Nepal.

Acharya, Meena (1997). Gender Equality and Empowerment of Women; A Study report Submitted to UNFPA Nepal Kathmandu.

……….. (1995). "Status of female- selected socio-cultural and economic aspects" Population monograph of Nepal, (CBS).

……….. (1994). The Statistical Profile on Nepalese Women, Institute for Integrated Development studies Kathmandu.

Acharya, B. (2066). Gender Studies, National Book Centre Bhotahiti Kathmandu.

Adhikari, Lila (2008). Women's Perception on Gender Discrimination in Education Social Inclusion and Nation Building in Nepal Bakhundol, Lalitpur Kathmandu.

Central Bureau of Statistics (2003). Population Monograph of Nepal (Kathmandu: CBS).

CEDA, (1990). Women Development, Centre for Economic Development and Administration, Division Ministry of Local Development Nepal.

CERID, (1994). Status of female Education in Nepal, A study

Report. (CERID, T.U.)

……….. (2000). Review and Evaluation of the Incentives Schems to Encourage Girl's and Women's Participation in Basic and Primary Education (Kathmand: CERID).

(DoE), (2000). Department of Education, Basic and Primary Education Programme ll, Annual Strategic Implementation plan, (Sanothimi, Bhaktapur).

UNDP, (2006). Nepal Human Development Report, Jagadamba Press (Kathmandu).

Koirala, Dhan Prasad (2009). Educational Status of Women (A case study of Putali Municipality Syangja) Unpublished Dissertation Master's Degree of Sociology/Anthropology, Prithvi Narayan Campus, Pokhara.

Kerr, Joanna (2004). The future of women's right global vision and Strategies. Zed Books/London/ Nework.

Luitel, Samira (2008). Gender studies, Academic Book Centre (Kirtipur, Kathamandu).

Luitel, Samira (2009). Education and development vol. 24 (Kathmandu: CERID, T.U.)

MWCSW, (2000). Beijing plus Five countries Report Ministry of Women Children and Social Welfare (Kathmandu).

……….. (2005). Gender Assessment in the Education Sector (Kathmandu: UNDP).

Ministry of Health (MoH), (2006). Nepal Demographic and Health Survey, 2006 (Kathmandu: New Era/ Macro International Inc).

NPC, (1997). The Ninth Plan, National Planning Commission.

Pant, Anna Robinson (2000). Why Eat Green Cucumbers at the time of Dying, A Women's literacy and Development in Nepal, Institute for Education (Kathmandu: UNESCO).

Ritzer, George (2000). Modern Sociological Theory New York McGrow Hill Company.

Thapa, Renu (2006). Education and Development Vol. 22, Gender Discrimination in Education and its impact on women's Development, (Kathmandu: CERID).

UN, (1995) Beijing Platform for Action (New York).

UNESCO, (2003). Women in Nepal Some Statistical facts, National Planning Commission Nepal (Kathmandu: NPC).

……….. (2000). Education in Nepal series Bringing Education to Girls in Remote Areas of Nepal (Kathmandu: UNESCO).

# पंचनगर गा.वि.स.का महिलाहरुको शैक्षिक अवस्था सम्बन्धि

# सर्वेक्षण प्रश्नावली

१. उत्तरदाताको नामः ....................

२. उमेर ( पुरा भएको) .........................

३. जात/जाति...........

४. धर्म .......................

५. मुख्य पेशा ..............

६. परिवारको सदस्य संख्या .........

६. परिवारको प्रकार

(क) एकल (ख) संयुक्त

७. वैवाहिक स्थिति

(क) विवाहित (ख) अविवाहित (ग) विधवा (घ) अन्य

८. विवाह हुदाको उमेर .............

## पारिवारीक विवरण

| क.स. | नाम थर | घरमुलि संगको नाता | लिङग | पूराभएको उमेर | शैक्षिक अवस्था | पेशा | मसिक आम्दानी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## शैक्षिक गतिविधि सम्बन्धि

१.तपाईको शैक्षिक स्थिति के हो ?

(क) निरक्षर (ख) अनौपचारिक शिक्षा (ग) प्रा.वि. (घ) नि.मा.वि.

(ङ) मा.वि. (घ) उच्च शिक्षा

२. यदि निरक्षर भए, तपाईले नपढ्नुको कारण के हो ?

(क) चेतनाको कमि (ख) कमजोर आर्थिक अवस्था (ग) घरायसी काम

(घ) भेदभाव (ङ) थाहा छैन्

३. यदि शिक्षित भए, तपाईले पढ्नुको कारण के हो ?

.........................

४. बिचमा पढाई छोडेको भए, तपाईले पढाई किन छोड्नु भएको हो ?

(क) पारिवारीक समस्याले (ख) परिवारले नपढाएकोले

(ग) स्कुल टाढा भएकोले (घ) विवाह भएर

(ङ) पढाईको महत्व नबुझेर (च) आफ्नै इच्छाले (छ) अन्य............

५. के तपाईको बुवा लेख्न पढ्न सक्नु हुन्छ ?

(क) हुन्छ (ख) हुदैन

६. के तपाईको आमा लेख्न पढ्न सक्नु हुन्छ ?

(क) हुन्छ (ख) हुदैन

७. महिलाहरुलाई स्कूल/क्याम्पस पठाउदा केही फाइदा हुन्छ कि हुदैन् ?

(क) हुन्छ (ख) हुदैन

८. छोरीले भन्दा छोराले धेरै पढ्नु पर्छ हो ?

(क) हो (ख) होईन

९. समाजमा हुने शैक्षिक गतिविधिमा तपाईको चासो कतिको छ ?

(क) धेरै नै छ (ख) त्यती छैन (ग) छैन

७. विद्यालय जाने बालबालिका सम्बन्धि

| विवरण | केटा | केटी |
|---|---|---|
| निजि विद्यालय गईरहेको | | |
| सरकारी विद्यालय गईरहेको | | |
| विद्यालय बिचैमा छाडेको | | |
| विद्यालय नै नगएका | | |

## आर्थिक गतिविधि सम्बन्धी

१. तपाईको आपनो स्वामित्वको जग्गा कति छ, त्यसबाट वार्षिक कति रकम बराबरको आम्दानी हुन्छ ?

२. तपाईको परिवारको मासिक आम्दानी लगभग कति हुन्छ ?

(क) ५०० –१००० (ख) १००० –२००० (ग) २००० –४०००

(घ) ४००० – ६००० (ङ) ६००० भन्दा माथि

३. तपाई दैनिक धेरै समय के काममा बिताउनु हुन्छ ?

(क) घरायसी काम (ख) सामाजिक काम (ग) जागिर (घ) व्यापार

४. तपाईको परिवारमा विद्यालय जाने केटा केटीहरु आय मुलक काममा लागेका छन् ?

(क) छैन (ख) छन् (ग) जना

५. तपाईका बच्चाहरुले कुन-कुन काममा सघाँउछन ?

(क) घरायसी (ख) आम्दानी मुलक (ग) खेती (घ) अन्य

६. घरायसी आय व्ययमा बढी जसो निर्णय कसले गर्छ ?

(क) श्रीमान (ख) सासु/ससुरा (ग) आफैले

७. परिवारमा कोही बेरोजगार हुनुहुन्छ ?

(क) छन् जना ........ (ख) छैनन् जना ........

८. बच्चाहरुले कमाउनु पर्ने अवस्था छ की छैन् ?

(क) छ (ख) छैन

९. घरायसी काममा छोरा वा छोरी कसले बढी सघाउछन् ?

(क) छोरा (ख) छोरी

९. पारिवारीक शिक्षामा कूल आम्दानीको कति प्रतिशत रकम खर्च गर्नुहुन्छ ?

(क) प्रतिशत

१०. तपाईको विचारमा शिक्षा जरुरी छ कि छैन ? छ भने किन ?